तातो हावा "लू"बाट जोगिने उपाय
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- देशको ७२ जिल्लामा डेङ्गु बिरामी देखा परेको छ । डेङ्गु फैलाउने लामखुट्टेले सफा पानीमा फुल पार्छ ।
- सफा पानी धेरै बेरसम्म खुला नराखौं । खाली टायर, गमलामा पनि लार्भा हुर्कन्छ । एसी, कूलरको पानी पनि बेलाबेलामा बदलिराखौं र डेङ्गुबाट बचौं ।


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार २१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 05 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३०३

## सामुदायिक विद्यालयको कमजोर नतीजाप्रति नगरप्रमुखको चासो

नितेश कर्ण, वीरगंज, २० असार/

नगरप्रमुख राजेशमान सिंहले एसइईमा महानगरका सामुदायिक विद्यालयहरूको नराम्रो नतीजाप्रति चिन्ता व्यक्त गरेका छन् ।



वीरगंज महानगरपालिकामा सामुदायिक विद्यालयका प्रअसँग छलफल गर्दै नगरप्रमुख राजेशमान सिंह । तस्वीरः प्रतीक

बुधवार महानगरका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई आफ्नो कार्यकक्षमा बोलाएर उनले एसइईमा सफलता नपाउनुको कारणबारे सोधेका थिए । उनले आफूले महानगरको तर्फबाट सामुदायिक विद्यालयहरूलाई गर्नुपर्ने सबैखाले सहयोग गर्न नसके पनि अधिकांश काम गरेको तर पनि एसइईको नतीजा एकदमै खस्किएकोमा प्रधानाध्यापकहरूसँग चित्त दुखाइ गरेका थिए ।

उनले आगामी दिनमा यस प्रकारको नतीजा नआओस् भन्नेतर्फ प्रअहरूलाई सचेत गरे । नगरप्रमुख सिंहले विद्यालयको शैक्षिक सुधार वातावरण सुधार गर्ने र खासगरी एसइईमा कसरी सफलता पाइन्छ भन्ने विषयमा विद्यार्थीहरूलाई नयाँ सिराबाट तयार गर्न सुझाए । उनले यसका लागि आफ्ना विद्यार्थीका अभिभावकहरूसँग विद्यालयमैं भेट गर्ने र सोको वातावरण बनाउन प्रअहरूलाई निर्देशन दिए ।

प्रअहरूले विद्यालयमा विभिन्न खाले समस्या विद्यमान रहेको र त्यसका कारण पनि नतीजा प्रभावित भएको जिकिर गरेका थिए । उनीहरूले खानेपानीको समुचित व्यवस्था नभएको, शौचालयको दुरवस्था रहेको, आवश्यक जनशक्तिको अभाव भएको, भौतिक संरचनाको कमी भएको र शिक्षा प्रणालीमा गत वर्षदेखि परिवर्तन भएको कारण विद्यार्थीहरूमा मनोबल खस्किएको र नतीजा कमजोर भएको बताएका थिए ।

वीरगंज महानगरपालिकामा यस वर्ष सामुदायिक र संस्थागत विद्यालय गरी ८१ वटा विद्यालयबाट पाँच हजार २३५ जना विद्यार्थी सहभागी भएकामा दुई हजार ८६७ (५४.७६ प्रतिशत)जना उत्तीर्ण भएका थिए । २० वटा सामुदायिक विद्यालयबाट तीन हजार ३८५ जना सहभागी भएकामा एक हजार १४३ (३४.३७ प्रतिशत)जना उत्तीर्ण भएका थिए ।

यसैगरी, ६१ वटा संस्थागत विद्यालयबाट एक हजार ९१० जना सहभागी भएकामा एह हजार ७२४ जना (९०.२६ प्रतिशत) उत्तीर्ण भएका थिए ।

## पर्साका थप दुई पालिकामा राष्ट्रिय परिचयपत्र सेवा केन्द्र विस्तार



प्रस, परवानीपुर, २० असार/

पर्सा जिल्लाका दुईवटा पालिकामा बिहीवारदेखि राष्ट्रिय परिचयपत्र बनाउने सेवाकेन्द्र विस्तार गरिएको छ ।

पकाहामैनपुर र सखुवाप्रसौनी गाउँपालिकामा राष्ट्रिय परिचयपत्र बनाउने काम थपिएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी गराए । यसअघि, पोखरिया, पर्सागढी नगरपालिका, कालिकामाई गाउँपालिकामा सेवाकेन्द्र स्थापना गरी राष्ट्रिय परिचयपत्र बनाउने काम भइरहेको थियो ।

त्यस्तै, केही दिनअघि जीराभवानी, पटेर्वासुगौली, बहुदरमाई नगरपालिकामा पनि राष्ट्रिय परिचयपत्र बनाउने केन्द्र थप गरी काम भइरहेको प्रजिअ भुसालले बताए ।

उनले धोबिनी, छिपहरमाईका सेवाग्राहीहरूका लागि राष्ट्रिय परिचयपत्र बनाउन गाउँमैं सेवा केन्द्र विस्तार गर्ने लक्ष्य रहेको प्रजिअ भुसालले बताए ।

जिल्ला प्रशासन कार्यालय, पर्सामा दैनिक दुई सय सेवाग्राहीले राष्ट्रिय परिचयपत्र बनाइरहेको उनले बताए । त्यस्तै, गाउँको सेवाकेन्द्रबाट दैनिक ५०–६० जनाले राष्ट्रिय परिचयपत्र बनाइरहेको जिप्रका, पर्साका राष्ट्रिय परियपत्र फाँटका रजिस्टार कृष्ण कुशवाहाले बताए ।

पर्सामा कुल जनसङ्ख्याको ६५ प्रतिशतले राष्ट्रिय परिचयपत्र बनाइसकेको र ३५ प्रतिशतको मात्र बाँकी रहेको उनले बताएका छन् ।

## कटहरिया नपाका प्रमुख, उपप्रमुखसहित ११ जनाविरुद्ध मुद्दा दर्ता

प्रस, वीरगंज, २० असार/

रौतहट जिल्ला, कटहरिया नगरपालिकाका नगरप्रमुख अजय प्रकाश, उपप्रमुख रीता देवी र प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साहसमेत ११ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीवार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।



तस्वीरः फाइल

आव २०७८/७९ मा कटहरिया नगरपालिका–२ जमुनिया बजारमा रहेको अधूरो सामुदायिक भवनमा टायल्सको कामको लागि विनियोजित रकम अनुसार कमसल काम गरी अनियमितता गरेको आरोपमा अनुसन्धान गर्दा कम काम गरेर बढी भुक्तानी गरेको पाइएपछि सोविरुद्ध भ्रष्टाचारजन्य कसूरमा विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता नरहरि घिमिरेले जानकारी गराएका छन् ।

उनले यो घटनामा १२ लाख ५२ हजार ९४१ लागत मूल्यभन्दा बढी भुक्तानी भएको देखिएकोले सोही ऐनको दफा ८ को उपदफा १ बमोजिम कैद र बिगो बमोजिम सजाय माग दाबी गरिएको बताए । अख्तियारले नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र इन्जिनीयर राजेशकुमार साह, योजना शाखा प्रमुख रामनरेशप्रसाद यादव, कार्यपालिका सदस्य समीरा विक्रम शाह, मनोज जयसवाल, इन्जिनीयर महम्मद मकसुद र बौधीमाई उपभोक्ता समितिका अध्यक्ष सरोजकुमार साह, कोषाध्यक्ष बबिताकुमारी चौधरी र सचिव योगेन्द्र साहविरुद्ध आज मुद्दा दायर गरेको जनाएको छ ।

## जनता सडक खाल्डोमा परिणत हुँदा दुर्घटनाको सम्भावना

बलिराम शुक्ला, बिरुवागुठी, २० असार/

वीरगंज महानगरपालिका–३२ टेढा गाउँको जनता सडकको खाल्डो मरम्मत नहुँदा सो सडकखण्ड भएर आवतजावत गर्नेहरूलाई समस्या भएको छ ।



तस्वीरः प्रतीक

जीतपुरदेखि रङ्गपुरसम्मको जनता सडकका थुप्रै ठाउँमा कालोपत्र उप्किएर खाल्डो भएको छ र सोको मरम्मत नहुँदा खासगरी वर्षायाममा समस्या हुने गरेको छ । खाल्डो सडकमा पानी जमेर पोखरीमा परिणत भएको र सो बाटो भएर गुड्ने सवारीसाधनलाई समस्या भइरहेको छ ।

जीतपुर, टेढा, मिलनचोक, बडनिहार, मनवा हुँदै रङ्गपुरसम्म पुग्ने सो सडक अति व्यस्त हुने गरेको र ठाउँठाउँमा कालोपत्र भत्किएर ठूलाठूला खाल्डा भएका छन् । सडक क्षमताभन्दा बढी वजनमा हेभी सवारीसाधन पनि यो सडकखण्डबाट आवतजावत गर्ने हुँदा सडक भत्किएको हो । हेभीदेखि हलुका सवारीसाधनको आवतजावत यो सडकखण्डमा भइरहन्छ ।

वर्षायाममा खाल्डोमा पानी जमेको कारण कतिपटक सवारी दुर्घटना हुँदा पनि वीरगंज महानगरपालिका र सडक विभागले सडक मरम्मतमा चासो देखाएको छैन ।

## सुर्तीजन्य पदार्थ सेवन र बिक्री वितरणमा कडाइ गरिने

प्रस, परवानीपुर, २० असार/

स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा एक दिने सरोकारवालासँग सुर्तीजन्य पदार्थ सेवन तथा लागूऔषध न्यूनीकरणको लागि एक दिने अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

जिल्ला प्रशासन कार्यालय, पर्साको सभाहलमा आयोजित गोष्ठीमा सुरक्षा अधिकारी, स्वास्थ्यकर्मीहरूको सहभागिता थियो । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले विद्यालय, अस्पताल, सरकारी कार्यालयको सय मिटरभित्र सुर्तीजन्य पदार्थ बिक्री वितरणमा रोक लगाउन कडाइका साथ अगाडि बढ्नुपर्ने निर्देशन दिए । वीरगंजलगायत ग्रामीण बजारहरूलाई प्राथमिकतामा राखेर सामूहिक प्रयासलाई नियन्त्रणमा लिनुपर्ने बताए ।

स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले सुर्तीजन्य पदार्थको खुला बिक्री वितरणले बालबालिका र कम उमेरका युवाहरू प्रभावित भइरहेको बताए । उनले सुर्तीजन्य पदार्थ बिक्री वितरण र सेवनमा कडाइका साथ नियन्त्रण नगरिए समाज विभिन्न रोगबाट ग्रसित हुने डा मुक्तिनारायण साहले बताए ।

उनकै अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, श्रीपुर ब्यारेकका निराजन कटुवाल, सशस्त्र प्रहरी निरीक्षक राधेश्याम धिमाल, सहायक प्रजिअ सानुबाबू अधिकारी, उपअनुसन्धान निर्देशक दिलीपकुमार सिंह, शिक्षा विकास तथा समन्वय कार्यालयका प्रमुख मुक्तिप्रसाद भट्टराई, कार्यक्रमका फोकल पर्सन विनोद झा, वीरगंज महानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अनिल यादवलगायतको सहभागिता थियो । ऐन बनेको तर सोलाई कडाइ नगर्दा पर्सामा जथाभावी सुर्तीजन्य पदार्थको सेवन भइरहेको छ ।

## मधेस प्रदेशमा बाल श्रमिकको सङ्ख्या एक लाख ७२ हजार

जनकपुर, २० असार/रासस

मधेस प्रदेशका अधिकांश जिल्लामा विद्यालय पहुँचभन्दा बाहिर रहेका पाँच देखि १७ वर्ष उमेर समूहका बाल श्रमिकको सङ्ख्या एक लाख ७२ हजार रहेको छ । जनकपुरधाममा आसमान नेपाल नामक संस्थाले पत्रकार अन्तर्क्रिया आयोजना गरी बाल श्रमिकको तथ्याङ्क सार्वजनिक गरेको हो । आसमान नेपालका कार्यक्रम व्यवस्थापक मणिराम आचार्यले मधेस प्रदेशमा विद्यालयबाहिर भएका २१ प्रतिशत बालबालिकालाई विद्यालय पठाउन सकेमा बाल श्रमिकको सङ्ख्या कम गर्न सकिने बताए ।

प्रदेशका बाल श्रमिकहरूमध्ये शहरी क्षेत्रमा मात्र १२ दशमलव चार प्रतिशत रहेका छन् । ग्रामीण क्षेत्रमा बाल श्रमिकको सङ्ख्या नौ दशमलव आठ प्रतिशत रहेको आसमानका परियोजना संयोजक दीपेन्द्र तिवारीले जानकारी दिए । गरीबी तथा अशिक्षाका कारण बाल श्रमिकमध्ये तीन दशमलव चार प्रतिशत अर्थात् ५० हजार ९३२ जना बाल श्रमिक जोखिमपूर्ण काममा संलग्न रहेको उनले बताए । मधेस प्रदेशमा विद्यालय जाने उमेर समूहका बालबालिकाको सङ्ख्या १४ लाख ९८ हजार छन् । बालश्रममा लागेकालाई विद्यालय पठाउन चुनौतीपूर्ण रहेको आसमानका सुशासन सल्लाहकार गुरु सुवेदीले जानकारी दिए ।

उनले बालश्रम कम गर्न बालमैत्री स्थानीय शासन आवश्यक भएकाले योजनासहित बालबालिकाको क्षेत्रमा लगानी गर्न जरुरी रहेको बताए । आसमानका मधेस प्रदेश संयोजक खिलानाथ निरौलाले जोखिमपूर्ण श्रमसहित अन्य श्रममा लागेका बालबालिकालाई विद्यालय पठाउन जरुरी रहेको बताए ।

## विचारसार र सूक्तिहरू

**जीवनले प्रत्येक दिन सबक सिकाइरहन्छ, गतिरोध गर्न होइन, अपितु भोलिका लागि शक्ति सञ्चय होस् भनेर प्रशिक्षित गर्न, जसले गर्दा तिमी जे बन्नुछ त्यसमा माहिर बन्न सक ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# पर्सा प्रहरीको अशोभनीय कार्य

**अड्डा अदालतमा प्रायः गरीबहरू न्याय निसाफका लागि धाउने गर्छन् । नेपाल देश आफैंमा गरीब देश हो भने यहाँका औसत मानिसहरू गरीब नै छन् । गरीबलाई निसाफ सहज पाउने वातावरण अहिलेसम्म बनिसकेको छैन । शक्ति, सिफारिश र पैसाको बलमा निसाफ हुँदै आएको छ, जसले गर्दा आममानिसहरू न्याय पाउँछु भन्ने आशा राख्दैनन् । न्याय प्रणालीलाई जबसम्म विधि विधान अनुसार सबैका लागि एकनास बनाईंदैन, तबसम्म यो कुराको निपटारा लाग्न सक्दैन । नेपालमा अहिलेसम्म कुनै पनि अड्डा अदालतमा प्रवेशका लागि पोशाकको मापदण्ड तोकिएकै छैन । सर्वसाधारणदेखि हुनेखानेहरूले सामान्य र असामान्य पहिरनमा कार्यालय प्रवेश पाउनुपर्छ भन्ने मान्यताले नै सायद यसो भएको हो । सिंहदरबारमा आममानिसको प्रवेश सहज बनाउने काम भइरहेको छ । किनभने विनाचिनजान, भनसुन अहिलेसम्म सिंहदरबारमा आममानिसको पहुँच हुन सकेको छैन । प्रधानमन्त्री निवास बालुवाटारमा निजी चार पाङ्ग्रे सवारीबाट मात्र मानिसहरूको प्रवेश गराइन्छ । जसले गर्दा उक्त स्थानमा आममानिसको सहज पहुँच हुन सकेको छैन र प्रधानमन्त्री आममानिसको सुख–दुःखको साथी हुन सकेका छैनन् । प्रधानमन्त्री, मन्त्रीहरूले आममानिसका लागि दैनिक, साप्ताहिकी र मासिक भेटघाटको सूची बनाएको देखिन्न । उनीहरूको भेटघाट सम्बन्धित पार्टीका कार्यकर्ता वा बिचौलियाबाट मात्र सम्भव हुने गरेको छ ।**

**सङ्घ सरकारको सिको प्रदेश र स्थानीय तहहरूले पनि गर्दै आएका छन् । सर्वसाधारणहरूका कारण जनप्रतिनिधिहरूको काममा बाधा नआउने होइन । अनावश्यक कामका लागि दैनिक धाएर दुःख दिने प्रवृत्ति भएकाहरूलाई पहिचान गरी आम सर्वसाधारणहरूको पीरमर्का बुझ्ने काम जनप्रतिनिधिहरूबाट भएको खण्डमा मानिसहरूको समस्याको निराकरण हुने थियो । यसतर्फ विचार पुऱ्याउन जरुरी छ । अब कुरा गरौं जिल्ला प्रहरी कार्यालय पर्साको । यो कार्यालयले केही दिनदेखि विनासूचना बक्स हाफपाइन्ट लगाएर आउने सेवाग्राहीहरूलाई कार्यालय प्रवेशमा रोक लगाएको छ । यो प्रहरी प्रधान कार्यालयबाट जारी निर्देशन पनि होइन । त्यसैले पर्साबाहेकका प्रहरी कार्यालयहरूमा यो नियम लागू छैन । पर्सा प्रहरीको यो कार्य कुनै पनि दृष्टिकोणबाट सुहाउँदो छैन । प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले पर्साको कमान्ड सम्हाल्न आएको एक महीनापछि गरेको पत्रकार सम्मेलनमा उनले पर्सा प्रहरीबाट बिचौलियाको अन्त्य गर्ने उद्गार व्यक्त गरेका थिए । यो मामिलामा उनी कतिको खरो साबित भए, उनले सूचक दिन सकेका छैनन् ।**

**जिल्ला प्रशासन कार्यालय, पर्सालगायत जिल्लाका कुनै पनि सरकारी कार्यालयमा यस प्रकारको पोशाकको मापदण्ड तोकिएको छैन भने प्रहरीले यस प्रकारको कार्य गर्नु सुहाउँदो हुँदै होइन । गरीबभन्दा गरीब र धनीभन्दा धनीले प्रहरीबाट पाउने मौलिक हकका कुरा सहज पाउनुपर्ने वातावरण सो कार्यालयले निर्धारण गर्नुपर्छ । पहिरनका आधारमा मानिस निर्दोष र दोषी हुँदैन । कसैले कुन पोशाक लगाउँछ भन्ने कुराको मापदण्ड तयार गर्ने निकाय पनि प्रहरी होइन । उसले शान्ति सुरक्षा कसरी दिने भन्नेबारेमा सोचविचार गर्नुपर्छ । सुरक्षा जाँच गरेर सेवाग्राहीलाई प्रवेश पाउने र उसको पीडा निवारण गर्नेतर्फ इमानदार प्रयत्न गर्दा मात्र प्रहरी हाम्रो साथीको सन्देश प्रवाह हुन्छ ।**

# सिमाना विषयमा चीनको पुरानै अडान

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**राजा महेन्द्रले नेपालको कालाखाड पर्वत क्षेत्रसहित चार लाख हेक्टर नेपाली भूभाग चीनलाई सुम्पेका थिए । अक्सफोर्ड प्रकाशनद्वारा प्रकाशित यस पुस्तकका लेखक हेमाङ्गराज गिरी हुन् । चीनसित सिमाना सम्झौता हुनुभन्दा अघिसम्म त्यहाँ नेपालीहरू भेंडा–च्याङ्ग्रा चराउने गर्दथे ।**

नेपाल र उत्तरी छिमेकी चीनबीच कतिपय ठाउँमा गम्भीर प्रकृतिका सिमाना विवाद रहेका छन् । खासगरी चीनसित सिमाना जोडिएका सोलुखुम्बु, संखुवासभा, सिन्धुपाल्चोक, दोलखा, रसुवा, गोर्खा, दार्चुला र हुम्लामा पनि सिमाना विवाद रहेको आशयका समाचारहरू समय समयमा विभिन्न सञ्चारमाध्यममा प्रकाशित भइआएका छन् । उत्तरी छिमेकी चीनसित नेपालको करीब १४०० किलोमिटरभन्दा लामो सिमाना रहेको छ । उत्तरी सिमाना क्षेत्रमा विवाद छ भने दुवै देशका सम्बन्धित विशेषज्ञ र अधिकारीहरू वार्ताको टेबलमा बसी नक्शा एवं प्रमाणका आधारमा आआफ्नो भूभाग सहजरूपमा पाउन सक्नुपर्दछ । विसं २००६ सालमा नेपाल र चीनका अधिकारीहरूबीच भएको संयुक्त विज्ञ समूहको बैठक विगत १८ वर्षसम्म हुन सकेको थिएन । हालै चीनको राजधानी बेइजिङमा नेपाल र चीनका संयुक्त विज्ञ समूहको बैठक भएको थियो । बैठकमा नेपाली पक्षले सिमाना विवादको विषय चर्चामा ल्याए पनि चीनले यसलाई स्वीकार गर्न तयार भएन र नेपाल एवं चीनबीच कुनै पनि किसिमको सिमाना विवाद नरहेको जवाफ फर्काएको थियो । वार्तामा चिनियाँ पक्षले हामीलाई सो विषयमा विचार गर्न समय लाग्ने भएकाले सहमत हुन सक्दैनौं भनेपछि वार्ता निष्कर्षविहीन टुङ्गिएको थियो ।

नेपाली पक्षले सन् २००६ मा सीमा निरीक्षण कार्य जहाँ रोकिएको थियो, त्यहीबाट शुरू गर्ने प्रस्ताव गरेको थियो । चीनको सिमाना विश्वका २७ देशसित जोडिएको छ । यसमध्ये अधिकांश देशसित सिमाना विवाद रहेको छ । यद्यपि चीनले यसलाई कहिले स्वीकार गरेको छैन । चीनले तयार पारेको नक्शा बेग्लै किसिमको हुन्छ र त्यसमा केवल चिनियाँ भाषामा मात्रै नामाकरण गरिएको हुन्छ । सिमानासम्बन्धी चीनको दाबीलाई चुपचाप सहन गर्न सक्ने देशहरूसित मात्रै चीनको सिमाना विवाद छैन ।

नेपालका वामपन्थी र पूर्व राजावादीहरूले व्याख्या गरेजस्तो नेपाल चीन सिमानाको विषय विवादरहित छैन । सन् १९५१ मा चीनले तिब्बतमाथि कब्जा जमाएपछि नेपालको सम्बन्ध चीनसित जोडिन पुगेको हो । त्यसभन्दा अघिसम्म नेपालको सम्बन्ध तिब्बतसित मात्रै थियो र ल्हासाको बजार नेपाली व्यापारीहरूको आफ्नै बजार सरह थियो । विसं २०१६ सालमा विपी कोइराला नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्रीको हैसियतले चीन भ्रमणमा जाँदा चीनले सगरमाथामाथि आधा दाबी गरेको थियो । सगरमाथाको टाउको फोडेर उत्तर र दक्षिणमा विभाजन गर्न पानी ढल्लोलाई सीमा मान्ने चीनको प्रस्तावलाई विपीले अस्वीकार गरेका थिए तर सगरमाथा नेपालको मात्रै हो भन्ने ऐतिहासिक प्रमाण नेपालले पेश गरेपछि त्यति बेला चीन चुप लागेको थियो । च्याउ एनलाई, जो त्यतिबेला चीनका प्रधानमन्त्री थिए, आफ्नो नेपाल भ्रमणका क्रममा सोही प्रस्ताव दोहोऱ्याएका थिए तर फेरि पनि उनले अस्वीकार गरिदिए । माओ त्से तुङको फाइभ–फिङ्गर सिद्धान्त अन्तर्गत उनले तिब्बतलाई हत्केला र नेपाल, भूटान, सिक्किम, अरुणाचल तथा लेह, लद्दाखलाई पाँच औंला बताएका थिए । यो विस्तारवादी मानसिकताको प्रकटीकरण थियो । माओको यसै सपनालाई पूरा गर्न अहिले पनि चीनले सिमानामा विवाद गर्ने गरेको पाइन्छ ।

सन् २००६ को फेब्रुअरीमा नेपालको अन्तरिम व्यवस्थापिका संसद्को कृषि तथा सहकारी समितिको बैठकमा सिमानाका विषयमा चर्चा भइरहँदा केही वामपन्थी सांसदहरूले स्वभावतः दक्षिणी सिमाना मिचिएको भन्दै भारतमाथि आरोप लगाएका थिए । नेपाली काङ्ग्रेसका सांसद रामजीवन सिंहले उत्तरी सिमानाको अवस्था बताउन तत्कालीन परराष्ट्रमन्त्री साहना प्रधानसित आग्रह गर्दा मन्त्री प्रधानले उत्तरी छिमेकीले अवैधरूपमा नेपाली भूभागमाथि कब्जा जमाएको तथा गैरकानूनी तरीकाले पर्यटकहरूलाई हिमालय आरोहण गराउने गरेको तर नेपाललाई एक सुका पनि नदिएको जवाफ दिएकी थिइन् । पूर्व प्रवक्ता राष्ट्रमन्त्री उपेन्द्र यादवले पनि चीनसँग सिमाना विवाद रहेको कुरा भनिसकेका छन् ।

चीन कहिले सगरमाथा क्षेत्रमा प्रयोगशाला स्थापना गर्ने, कहिले होटल निर्माण, कहिले ओलम्पिक खेलपूर्व ओलम्पिक टर्च पुऱ्याउने कामले हाम्रो राष्ट्रिय गौरव सगरमाथाको सम्मान गर्न नचाहेको प्रस्ट देखिन्छ । चार वर्ष अघि सिजिटिएनको समाचारमा सगरमाथालाई चीनको भूभागको रूपमा देखाइएको थियो । नेपालले त्यसमा आफ्नो आपत्ति जनाएपछि चिनियाँ सञ्चारमाध्यमले त्यसलाई चीन र नेपालको सिमानामा भनेर देखाएको थियो । नेपाल सानो देश अवश्य हो, तर आत्मसम्मान र स्वाभिमान कमजोर छैन । हामी आफ्ना छिमेकी राष्ट्रहरूसित सुमधुर र सकारात्मक सम्बन्ध राख्न चाहन्छौं । उत्तरी छिमेकी जस्ता विश्वशक्तिले यस कुराको अवश्य पनि ख्याल गर्नेछ ।

कोभिड–१९ को प्रकोप उत्कर्षमा रहेका बेला नेपाली काङ्ग्रेसका एकजना नेताले हुम्ला जिल्लाको लिमी क्षेत्रमा नेपालतिर चीनले धेरै भूभाग कब्जा गरेको तथा त्यसमा एक दर्जन जति घरहरू बनाएको आरोप लगाएको थियो । त्यसको केही समयपछि गोर्खा जिल्लाको सिमावर्ती रूई गाउँको भूभागलाई पनि चीनले कब्जा गरेको आरोप नेपाली काङ्ग्रेसका एकजना वरिष्ठ नेताले लगाएका थिए । सङ्खुवासभाको किमाथाङ्का र चेपवा गाविसका जनताको पनि कमोबेस यस्तै आरोप रहेको छ । त्यस क्षेत्रमा नेपालीहरूले आफ्नो भूभागमा बस्दा करसमेत तिर्नुपरेको गुनासो भोटेखोला, हटिया, पावरखोला एवं चेपवा गाउँका जनताको रहेको छ । मुस्ताङ र रसुवाको जनताले पनि यस सम्बन्धी गुनासो पोखिसकेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले पनि २०७२ देखि २०७६ सम्म सीमा क्षेत्रको स्थलगत प्रतिवेदन जारी गरी चीनद्वारा अतिक्रमित ९९ रोपनी नेपाली भूभाग फर्काउन कूटनीतिक पहल गर्न सरकारलाई निर्देशन दिइसकेको छ । भनिन्छ नेपाल र चीन सिमानाकामा तीनवटा सीमा स्तम्भ हराएको छ । गोरखामा ३५–३७ र ३८ तथा सोलुखुम्बुको नाम्चामा ६२ नम्बर स्तम्भ हराएको विषय चर्चामा आएको थियो । सिमानाका समस्या दार्चुला, हुम्ला, रसुवामा पनि देखिएको समाचार प्रकाशित भएका छन् । नेपाल–चीन संयुक्त विज्ञ समूहको आगामी बैठकमा दुवै पक्षबीच सहमति भई सीमा निरीक्षणको काम हुने तथा र तथ्य प्रमाणका आधारमा नेपालले आफ्नो भूभाग भोग गर्न पाउनुपर्छ ।

२०१७ साल पुस १ गतेको घटनापछि राजा महेन्द्रले आफ्नो शासनसत्ता टिकाउन चीनको प्रस्ताव स्वीकार गर्दै सगरमाथाको उत्तरी पाटोसहित चार लाख हेक्टर नेपाली भूभाग उपहारस्वरूप चीनलाई सुम्पिदिए । सन् २०११ मा नेपाली काङ्ग्रेसका प्रभावशाली नेता खुमबहादुर खड्काले नेपालका कम्युनिस्टहरूको राष्ट्रिय स्वाधीनताको नाराप्रति कठोर टिप्पणी गर्दै कालापानीको कुरा उठाउनेहरूलाई सगरमाथाको पनि कुरा उठाउन चुनौती दिएका थिए । राजा महेन्द्रले पञ्चायत टिकाउन कालापानीमा भारतीय सेना बस्न दिएको र सगरमाथाको उत्तरी भाग चीनलाई दिएको यथार्थ बिर्सेर नेपालका कम्युनिस्टहरूले केवल चीनलाई खुशी पार्न कालापानीको विषय उठाउने गरेको आरोप खुलारूपमैं लगाएका थिए ।

त्यसैगरी नेपालका प्रसिद्ध उपन्यासकार डायमन्ड शमशेरको जीवनीमा आधारित सेकेन्ड लेफ्टिनेन्टदेखि नक्खुजेलसम्म शीर्षकको पुस्तकको पृष्ठ २४० मा डाइमन्ड शमशेरले राजा महेन्द्रमाथि यो आरोप लगाएका थिए कि पञ्चायत टिकाउनका लागि राजा महेन्द्रले नेपालको कालाखाड पर्वत क्षेत्रसहित चार लाख हेक्टर नेपाली भूभाग चीनलाई सुम्पेका थिए । अक्सफोर्ड प्रकाशनद्वारा प्रकाशित यस पुस्तकका लेखक हेमाङ्गराज गिरी रहेका छन् । चीनसित सिमाना सम्झौता हुनुभन्दा अघिसम्म त्यस भूभागमा नेपालीहरू भेंडा–च्याङ्ग्रा चराउने गर्दथे ।

त्यतिबेला एक अधिकारी दमनराज तुलाधरले आफैंले लेखेको एक पुस्तक 'दमनराज तुलाधर' प्रकाशित गरी नेपाल चीन सीमा विषयसँग सम्बन्धित आफ्नो अनुभव उल्लेख गरेका थिए । सङ्ग्रह प्रकाशनद्वारा विसं २०३३ साल (सन् १९७६ सालमा) प्रकाशन गरिएको उक्त पुस्तकको वितरक साझा प्रकाशन रहेको छ । उनले किताबमा उल्लेख गरे अनुसार राष्ट्रध्यक्षहरूको स्तरमा सीमाङ्कन भएको नक्शा सार्वजनिक भइसक्दा पनि सिमाना छुट्याउने काम भएको थिएन ।

विसं २०१९ सालमा सीमा स्तम्भ खडा गर्ने कामको थालनी भएको थियो । मन्त्रालयका उपसचिव भएका कारण सुदूरपश्चिममा १८ वटा पिलर खडा गर्ने जिम्मा उनलाई दिइएको थियो तर उनलाई न यस सम्बन्धी कुनै प्राविधिक ज्ञान थियो, न तालीम नै । केवल त्यस क्षेत्रमा काम गर्न जान कोही नमानेकाले उनले जानुपरेको थियो । सीमाङ्कन कसरी गर्ने भन्ने जनशक्ति पहिले न नेपालसित थियो, न तिब्बत सित नै । सीमा स्तम्भ खडा गर्ने कामकै सिलसिलामा खोपरनाथ जाने बाटोमा मानसरोवर र राक्षस दह पर्दछ त्यहाँ उनले पवित्र मानसरोवरमा स्नान गरेपछि चिनियाँहरूले उनलाई नियन्त्रणमा लिएको जानकारी गराए ( पृष्ठ २७६) । उनी त अनुशासित कर्तव्यनिष्ठ कर्मचारीका नाताले त्यहाँ गएका थिए तर चिनियाँहरूले उनलाई आफ्नो नियन्त्रणमा लिई आफूखुशी सीमा स्तम्भ खडा गर्ने काम गरेको आरोप लगाएका छन् । नेपाली कर्मचारीहरूलाई दबाबमा पारेर नै चिनियाँहरू सीमा स्तम्भ खडा गर्ने काम गरेको उनको आशङ्का रहेको छ ।

# जय बोलो बेइमानकी

मन्तव्य



कुमार रूपाखेती

**सङ्क्षेपमा भन्ने हो भने अस्थिरताको कारण नै सत्तालिप्सामा सक्रिय ठूला राजनीतिक दल नै हुन् । सबैलाई थाहै छ, काङ्ग्रेस र एमालेको न विचार मिल्छ, न आचरण तर सत्ताका लागि काले कालो मिलेर खाउ भाले र लुट कान्छा लुटका सम्बन्धमा यिनको विचार समान छ ।**

एकपटक गुलजारले भनेका थिए– जोसँग पुरानो नोकर छ, पुरानो साथीले साथ छोडेको छैन, त्यो मान्छे सफल र भाग्यमानी हो । नयाँ नौ दिन, पुराना सौ दिन त्यसै भनिएको होइन ।

तर नेपालको वर्तमान राजनीतिमा गुलजारको त्यो भनाइ मेल खाँदैन । अस्ति भर्खर प्रचण्डले वाम एकता पुनः द्रुत गतिमा अघि बढिरहेको बताउँदै गर्दा उनकै सत्ताका सहयात्री एमालेले लोप्पा खुवाउँदै काङ्ग्रेस मेरा दोस्त, दोस्तको सलाम करो भन्न थालेका छन् । झन्डै दुई तिहाइ बहुमतको कम्युनिस्ट सरकारलाई राइछिया गर्दै छिःछिः दूरदूर गराउने ओली र प्रचण्डको रवैयाले विश्वसामु नेपालको नाक कटाउँदै आएको सर्वविदित नै छ । छिनछिनमा सत्ता सहयात्रीलाई बीच मझदारमा छाड्ने, प्रधानमनत्री बन्न षडयन्त्र गर्ने, सङ्घीय सरकारप्रति वितृष्णा फैलाउने अनि सातवटै प्रदेश सरकारलाई अस्थिर बनाउने यिनको घिनौना प्रवृत्तिले मुलुक र जनता आजित छन् । केन्द्रमा काङ्ग्रेस र एमाले मिल्ने हल्ला चलेपछि प्रदेश सरकारहरू हल्लिन थालिसके । सङ्क्षेपमा भन्ने हो भने अस्थिरताको कारण नै सत्तालिप्सामा सक्रिय ठूला राजनीतिक दल नै हुन् । सबैलाई थाहै छ, काङ्ग्रेस र एमालेको न विचार मिल्छ, न आचरण तर सत्ताका लागि काले कालो मिलेर खाउ भाले र लुट कान्छा लुटका सम्बन्धमा यिनको विचार समान छ । न कुनै सीप छ, न कुनै उद्योग र व्यापार तर पनि ठूला दलका ठूला नेताहरू अर्बपति, खर्बपति छन् । राजनीति भनेको ठगीखाने भाँडो र कमाइदार व्यापार बनेको छ यिनको लागि । ठूलठूला लुटकाण्ड र भ्रष्टाचार दबाउन सत्ता फेरबदलको खेल बहुदल भित्रिएदेखि नै अविरलमा धडल्लेले चल्दै आएको छ ।

जुन जोगी आए पनि कानै चिरेको जस्तो उराठलाग्दो अवस्था भएकोले इमानदारहरू पाखामा र बेइमान काखामा पोसिंदै आएका छन् । संविधान अनुसार एउटा संसद्को कार्यकाल पाँच वर्ष भए तापनि आफ्नो गौरव पूरा गर्न यिनीहरू घरी यता घरी उता चहार्दै महत्त्वपूर्ण समय खेर फाल्ने, पटकपटक प्रधानमन्त्री बन्ने दाउपेचमा समय खर्चिने गरेका छन्, जसले गर्दा पापी पेटका सवाल है भन्दै जनता मुलुक छोड्न बाध्य छन् । यिनका लोभी पापी प्रवृत्तिका अगाडि जनताका जल्दाबल्दा समस्या र मुलुकको राष्ट्रियता पुङ्को साबित हुँदै गएको छ । हिन्दी सिनेमामा एउटा गीत छ– जय बोलो बेइमानकी जय बोला । हामी पनि बेइमानको जयजयकार गर्न विवश छौं ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपालको अर्थतन्त्रमा पुनः सङ्कट

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**विगतमा जे जस्तो भए पनि नेका र एमालेले विगतका कुरा बिर्सेर, आफूलाई सुधारेर, यो नयाँ अवसरको सदुपयोग गर्ने हो भने देशको आर्थिक विकासका लागि धेरै काम काम हुन सक्छ। यो नयाँ परिस्थिति दुवै दलका लागि नेपालको आर्थिक विकासमा योगदान पुऱ्याउने अवसर बन्न सक्छ।**

अस्थायी नै भए पनि नेपालको राजनीति केही समयको लागि स्थिर थियो, शान्त थियो। तर त्यो स्थिरतामा अहिले अचानक परिवर्तन आएको छ। नेपालको राजनीति पुनः अस्थिर भएको छ। यसपटकको अस्थिरता भने अति अनिश्चित र विशेष किसिमको छ।

नेपालको राजनीतिमा देखिएको यो अस्थिरता वा हलचलले राष्ट्रको अर्थतन्त्रलाई दुई किसिमबाट प्रभाव पार्ने देखिएको छ। यदि नयाँ निर्माण हुने सरकारले दीर्घता प्राप्त गऱ्यो भने त्यसको प्रभाव नेपालको अर्थतन्त्रमा सकारात्मक किसिमको हुनेछ। उद्योगी एवं व्यापारीहरूमा आशा उत्पन्न भएर उनीहरू व्यापार विस्तार, नयाँनयाँ व्यापार सञ्चालन एवं लगानीको अनुपातमा वृद्धि गर्न प्रोत्साहित हुनेछन्। देशको अर्थतन्त्रमा सुधार आउने छ। तर यदि नयाँ निर्माण हुने सरकार अस्थिर भयो भने राष्ट्रिय अर्थतन्त्र सोही अनुसार अस्थिर बन्नेछ, अनिश्चित हुनेछ। उद्योगी–व्यापारी थप निराश हुने छन्। उद्योग एवं व्यापारको क्षेत्र झनै सङ्कुचित हुनेछ। देशमा झनै बढी निराशा देखिने छ। नेपाली युवाहरूमा रहेको निराशाको मात्रामा झनै अभिवृद्धि हुनेछ। युवाहरूले स्वदेशमा आफ्नो भविष्य असुरक्षित देख्ने कार्यमा झनै तीव्रता आउने छ। अझै ठूलो सङ्ख्यामा युवाहरू विदेश पलायन हुनेछन्।

समाचारहरूले जनाए अनुसार संसद्को सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेबीच सत्ता सञ्चालनका लागि मिलेर कार्य (गठबन्धन) गर्ने सहमति भएको छ। दुवै दलले पालैपालो सरकार सञ्चालन गर्ने सहमति भएको छ। सहमति अनुसार पहिलोपटक नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीको नेतृत्वमा एमालेले सरकार गठन गर्ने अनि दोस्रोपटक नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा नेपाली काङ्ग्रेसले सकार गठन गर्ने। अर्थात् देशको शासन व्यवस्था एमाले र नेपाली काङ्ग्रेसले मिलेर सञ्चालन गर्ने। संसद्का दुई ठूला दलहरू मिलेर देशको शासन व्यवस्था सञ्चान गर्ने। दुई ठूला दलहरू (नेपाली काङ्ग्रेस र एमाले) मिल्न नसकेको स्थितिबाट फाइदा उठाएर सरकार निर्माण गर्न सफल भएको माओवादी केन्द्रलाई निकाल बाहर गर्ने। पुष्पकमल दाहाललाई प्रमको कुर्सीबाट तल झार्ने। दुई दलबीच भएको सहमतिले उपरोक्त कार्यहरू गर्नेछ।

राजनीतिक स्थिरता ल्याउन एवं देशलाई आर्थिक विकासको पथमा दौडाउन संसद्का दुई ठूला दलहरू मिल्नु र पालैपालो सरकार सञ्चालन गर्न सहमत हुनु सकारात्मक कुरा हो। यी दुई दलहरूको सहकार्यले नेपाली अर्थतन्त्रलाई विकासका कार्यहरू गर्न अवश्य पनि अनुकूल वातावरण प्रदान गर्नेछ। उद्यमी एवं व्यवसायीहरू थप लगानी गर्न उत्साहित हुनेछन्। रोजगारको क्षेत्र विस्तार हुनेछ। रोजगारका लागि विदेश पलायन भइरहेका युवाहरूले स्वदेशमा नै रोजगार पाउने वातावरण निर्माण भएर जनशक्ति पलायनको स्थितिमा सुधार आउने छ। अर्थात् नेपाली काङ्ग्रेस र एमालेबीच सत्ता साझेदारी गर्न भएको समझदारीले नेपालको अर्थतन्त्रमा अति नै राम्रो प्रभाव पार्नेछ। सत्ता साझेदारीका लागि नेका र एमालेबीच भएको सहमति के साँच्चीकै नेपालको आर्थिक विकासको लगि हो त? नेपालको राजनीति पुनः अस्थिर भएको सन्दर्भमा यो प्रश्न अति महत्त्वपूर्ण हुन पुगेको छ।

माथिको प्रश्नको उत्तर खोज्नुपूर्व नेपाली काङ्ग्रेस र यसका नेताहरूको चरित्र तथा यसैगरी एमाले र यसका नेताहरूको चरित्रको विश्लेषण एवं मूल्याङ्कन गर्न आवश्यक छ। यी दुवै दलका नेताहरूले विगतमा गरेका कार्यको लेखाजोखा गर्न आवश्यक छ।

नेपाली काङ्ग्रेस र एमाले, दुवै केवल सत्ताका लागि राजनीति गर्ने शक्तिलोलुप दल हुन्। यी दलका नेताहरू जहिले पनि शक्ति र सत्तामा रहन रुचाउने प्रकृतिका छन्। यी दुवै दलका नेताहरूमा त्याग र इमानदारीको खडेरी परेको छ। र शक्ति र स्वार्थ पूर्तिका लागि यी दुवै दलका नेताहरूले जे पनि गर्न सक्छन्। यी दुवै दलका नेताहरूका विगतका क्रियाकलापहरूबाट यस कुराको पुष्टि हुन्छ। यदि यी दुवै दलका नेताहरू राष्ट्रको आर्थिक विकासको लागि समर्पित भएका भए वर्तमानको, दहाल नेतृत्वको सरकारलाई नै काम गर्न दिन्थे। दहाल नेतृत्वको सरकार खसाउने थिएनन्। यी दुवै दल– नेका र एमाले, सरकारमा आए पनि त्यही गर्ने हुन्, जुन अहिले दहाल नेतृत्वको सरकारले गरिरहेको छ। सामान्य किसिमले हेर्दा त्यही देखिन्छ।

नेका र एमाले, दुवै दल मिलेर दहाल नेतृत्वको सरकारलाई कार्य गर्न दिनुपर्थ्यो। दहाल नेतृत्वको सरकारले गलत गरेमा यी दुवै दलले अंकुश लगाउने कार्य गर्नुपर्थ्यो। यस्तो गरेको भए देशमा राजनीतिक स्थिरता रहेको जनतालाई अनुभूत हुन्थ्यो। उद्योगी–व्यापारीमा थप उत्साह जाग्रत हुन्थ्यो। तर केवल केही हप्ता पहिले मात्र बजेट पेश गरेका अर्थमन्त्री वर्षमान पुनलाई एक वर्ष मात्र पनि यी दुई दलहरूले कार्य गर्न दिएनन्। अहिले बजेट ल्याउने एउटा दल, कार्यान्वयन गर्ने अर्को दल, यस्तो स्थिति उत्पन्न भएको छ। यस्तो स्थितिले देशको अर्थतन्त्रमा ज्यादै नराम्रो प्रभाव पार्छ।

नेपाली काङ्ग्रेस र एमाले, दुवै दलका नेताहरूलाई पद र शक्ति चाहिएको छ। पद र शक्ति प्राप्त गर्न यी दुवै दलका नेता जे पनि गर्न सक्छन्। २०४६ सालको राजनीतिक परिवर्तनपछिको स्थिति हेर्ने हो भने वा नेका र एमालेको राजनीतिक चरित्रको इतिहास खोतल्ने हो भने राष्ट्रको आर्थिक विकासका लागि यी दुवै दल मिलेर कार्य गरेको देखिंदैन। उल्टो, नेका सरकारमा रहेको बेला एमालेका नेता एवं कार्यकर्ताहरूले नयाँ सडकको रेलिङ भत्क्याएको र एमाले सरकारमा रहेको बेला नेकाका नेता तथा कार्यकर्ताहरूले नयाँ सडकको रेलिङ भत्क्याएको ताजा इतिहास छ।

माथि प्रस्तुत गरिएका विवरणहरूको आधारमा नेका र एमालेबीच भएको सत्ता साझेदारीको सहमतिको आयु लामो छैन भनी प्रस्ट भन्न सकिन्छ। नेका र एमालेबीच सत्ता साझेदारीको लागि भएको यो नयाँ सहमतिले नेपालको राजनीतिलाई थप अस्थिर पार्नेछ। नेपालको अर्थतन्त्र झनै अस्थिर हुनेछ, विश्वासका साथ भन्न सकिन्छ।

देशको आर्थिक विकासप्रति यी दुई दल– नेका र एमाले कटिबद्ध भएको भए, ठूलो सङ्ख्यामा नेपाली युवाहरू रोजगारका लागि विदेशतिर पलायन भइरहेको स्थितिप्रति चिन्तित भएको भए, गत निर्वाचन (२०७९) देखि नै नेका र एमालेका नेताहरूले राष्ट्रको आर्थिक विकासको लागि मिलेर कार्य गर्ने थिए। दुवै दल मिलेर सरकार निर्माण गर्ने थिए। मिलेर शासन–सञ्चालन गर्ने थिए। तर त्यस्तो कहिले गरेनन्। केवल यो दलसँग मिलेर अर्को दलको सरकार खसाउने अर्को दलसँग मिलेर अर्को सरकार खसाउने काम गरे। देशको राजनीति थप अस्थिर पार्ने कार्य गरे। आर्थिक विकासको गति सुस्त पारे। आफ्ना यस्ता कार्यद्वारा युवाहरूलाई निराश पारे।

विगतमा जे जस्ता कार्य यी दुई दल– नेका र एमालेले गरे तापनि, विगतका ती सबै कुरा बिर्सेर, आफूलाई सुधारेर, यो नयाँ अवसरलाई सदुपयोग गर्ने हो भने देशको आर्थिक विकासका लागि यी दुई दलले धेरै काम गर्न सक्छन्। यो नयाँ परिस्थिति (पुष्पकमल दहाल–सरकारको पतन) दुवै दलका लागि नेपालको आर्थिक विकासका लागि योगदान पुऱ्याउने अवसरको रूपमा रूपान्तरित हुन सक्छ। सबैभन्दा ठूलो कुरा, अब देश स्थिरतातिर अग्रसर हुँदैछ भन्ने सन्देश जनतामा पुग्न सक्छ।

यी लोभी र पापी नेताहरूबाट सृजित राजनीतिक वातावरणमा भोलि जे पनि हुन सक्छ। नेकाको नेतृत्व एवं माओवादी केन्द्रको समर्थनमा शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार निर्माण हुन सक्छ। ज्योतिषिले भने अनुसार शेरबहादुर देउवा छैठौंपटक नेपालको प्रम हुन सक्छन्। तर यस्तो भएमा देशमा चरम निराशा व्याप्त हुन सक्छ। देशमा उथलपुथल आउन सक्छ। त्यस उथलपुथलमा यी लोभी र पापी नेताहरूले देशलाई नै त्यस्तो सुदूरमा पुऱ्याउन सक्नेछ जहाँबाट फर्केर राष्ट्रिय राजनीतिमा आउन यी नेताहरूलाई कठिन हुनेछ।

आशा गरौं, नेका र एमालेको सहकार्यमा निर्माण हुने नयाँ सरकारले देशको आर्थिक विकासमा ध्यान केन्द्रित गर्न सकोस्। विशेषगरी युवाहरूमा उत्पन्न भएको चरम निराशा कम गर्न सकोस्।



**घाँसका बिरुवा वितरण गर्दै:** भू तथा जलाधार व्यवस्थापन कार्यालय म्याग्दीको बेनीस्थित नर्सरीमा उत्पादन भएको घाँसको बिरुवा कृषकलाई वितरण गरिंदै। कृषकलाई घाँस आपूर्तिमा सहज बनाउने, पशुपालनको लागत घटाउने र भूक्षय न्यूनीकरण गर्ने उद्देश्यले कार्यालय मातहतका चारवटा नर्सरीमा यस वर्ष ६७ हजार घाँसका बिरुवा उत्पादन गरेर वितरण थालिएको छ। तस्बिरः सन्तोष गौतम

## घट्दैछ वीरगंज भन्सारको राजस्व

हिमाल लम्साल
वीरगंज (पर्सा), २० असार/रासस

मुलुकको सबैभन्दा ठूलो व्यापारिक नाका वीरगंज भन्सार कार्यालयबाट हुने आयात खुम्चिएसँगै राजस्व सङ्कलन पनि उत्साहजनक देखिएको छैन। यो कार्यालय हुँदै चालू आर्थिक वर्षको ११ महीनाको अवधिमा रु पाँच खर्ब ५२ अर्ब ९५ करोड रकम बराबरको वस्तु तथा सामान आयात भयो। जबकि गत वर्षको सोही अवधिमा रु छ खर्ब ४४ अर्ब छ करोड बराबरको आयात भएको थियो। चालू आवको ११ महीनामा मात्रै गत आवको सोही अवधिको तुलनामा १४.१५ प्रतिशत अर्थात रु ९२ अर्बले आयात खुम्चिएको छ।

मुलुकको राजस्वको ढुकुटीमा सबैभन्दा धेरै योगदान पुऱ्याउने वीरगंज भन्सार कार्यालयले चालू आवको जेठ मसान्तसम्म रु एक खर्ब ४१ अर्ब ३० करोड रकममात्र राजस्व सङ्कलन गरेको छ। जबकि कार्यालयले गत वर्षको सोही अवधिमा रु एक खर्ब ४२ अर्ब ३० करोड बराबरको राजस्व सङ्कलन गरेको थियो। गत आवको तुलनामा चालू आवको सोही अवधिमा रु ४० करोड ५७ लाख रकम राजस्व घटेको छ। आयातमुखी अर्थतन्त्रमा निर्भर नेपालको राजस्व सङ्कलन प्रणालीमा प्रत्यक्ष असर देखा पर्न थालिसकेको छ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले चालू आवमा आयात खुम्चिएसँगै राजस्व सङ्कलनमा पनि प्रभाव देखिन थालेको बताए। "औद्योगिक कच्चा पदार्थको आयात घटेसँगै राजस्व सङ्कलनमा असर देखिएको छ। खासगरी क्रुड आयलको कच्चा पदार्थको आयात घटिरहेको छ। विगतका वर्षमा जस्तै सवारीसाधनको पनि आयात उत्साहजनक देखिएको छैन"–उनले भने– "एकातर्फ आयात खुम्चिरहेको छ, अर्कोतर्फ समग्रमा मुलुकको अर्थतन्त्र नै सुस्ताएको कारणले पनि औद्योगिक गतिविधि कम हुँदा राजस्वमा असर देखिएको हो।"

नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य डा सुबोधकुमार गुप्ताले अर्थ मन्त्रालयले हरेक वर्ष राजस्व सङ्कलन गर्ने रकम वास्तविकभन्दा पनि अनुमानको भरमा बजेट निर्धारण गर्ने भएकोले लक्ष्य अनुसारको राजस्व सङ्कलन हुन नसकेको बताए। "बजेट बनाउँदा रहेक वर्ष २०–२५ प्रतिशत राजस्व बढ्ने उल्लेख गरिएको हुन्छ। वैज्ञानिक ढङ्गले राजस्व बढ्छ कि बढ्दैछ भनेर कुनै अध्ययन गरिएको हुँदैन। यसले गर्दा लक्ष्य अनुसार राजस्व सङ्कलनमा सधैं कमजोरी देखिंदै आएको छ"–उनी भन्छन्–"राजस्व बढाउने उद्देश्य मात्रै राखिन्छ, मुलुक भित्रको व्यापारिक तथा औद्योगिक उत्पादन घटिरहेको र उद्योगी–व्यापारी र सर्वसाधारणले कर तिर्न नसकिरहेको अवस्थाको ख्याल गरिंदैन।"

अर्थशास्त्री दीपेन्द्रकुमार चौधरीले मधेस प्रदेशका करिब ६० प्रतिशत उपभोक्ताले सीमावर्ती भारतीय बजारबाटै उपभोग्य सामग्री खरीद गर्ने भएकाले पनि राजस्व सङ्कलनमा प्रत्यक्ष असर पर्ने गरेको दाबी गरे। "मधेस प्रदेशका अधिकांश उपभोक्ताले जन्मदेखि मृत्यु संस्कारसम्मका सबै गतिविधिमा सीमावर्ती भारतीय शहरबाटै खाद्यान्नदेखि रासन खरीद गर्छन्"–उनले भने– "भारतको सीमावर्ती जिल्लाका बजार नेपाली उपभोक्ताकै कारण चल्दै आएको छ भने नेपालका उद्योगी–व्यवसायीले पनि घुमाउँरो शैलीमा तस्करीका सामान बिक्री वितरण गर्दै आइरहेका छन्। यसको प्रभाव सरकारले ठूलो मात्रामा राजस्व गुमाउँदै आएको छ।"

नेपाल प्रहरी र सशस्त्र प्रहरीले पर्सा जिल्लामा ११ महीनाकै अवधिमा मात्रै अवैध, चोरी तस्करी तथा बिलबिजनक नभएका रु ७७ करोडभन्दा बढी मूल्यका मालसमान बरामद गरेका छन्। जिल्ला प्रहरी कार्यालय, पर्साले पनि चालू आवको ११ महीनाको अवधिमा भन्सार छली तथा बिलबिजक अनुसार नभएका रु ४९ करोड ३२ लाख ४७ हजार नौ सय ५० मूल्यपर्ने सामान बरामद गरेको छ। यसमा भन्सारी छलीका रु सात करोड २४ लाख ४४ हजार दुई सय ९२ मूल्यका समान छन्। सोही अवधिमा बिलबिजक अनुसार नभएको रु ४२ करोड आठ लाख १३ हजार छ सय ५८ मूल्य पर्ने सामान बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक भारती प्रहरीको सक्रियताको कारण चोरी तस्करी गर्नेबाट ठूलो परिणाममा सामान बरामद गरिएको दाबी गर्छन्। "खुला सीमानाकाका बावजूद चोरी तस्करी नियन्त्रणको कामलाई उच्च प्राथमिकतामा राख्दै आएका छौं"–उनले भने–"विगत वर्षको तुलनामा यो वर्ष अवैध सामान पक्राउ गर्ने क्रम ह्वात्तै बढेको हो।"

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले चालू आवको साउनदेखि जेठसम्मको अवधिमा करीब रु २७ करोड ५० लाख मूल्य पर्ने भन्सार छली तथा बिलबिजक नभएका सामान बरामद गरेको छ। सशस्त्र प्रहरीले गत आबभन्दा चालू आवको ११ महीनाको अवधिमा तीन करोड सात लाख ३५ हजार नौ सय ४१ मूल्य पर्ने सामान तथा उपकरण बरामद गरेको छ। सशस्त्र प्रहरी गणका गणपति राधेश्याम धिमालले पर्सा जिल्लामा नेपाल–भारत खुला सीमानाका भएकोले दुवै मुलुकमा चोरी तस्करी निमिट्यान्न पार्न नसकिए पनि नियन्त्रण गर्ने प्रयास जारी राखेको बताए।

भन्सार विभागले कार्यालयलाई चालू आवमा रु दुई खर्ब ४५ अर्ब ८८ करोड ५० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ। तर, कार्यालयले हालसम्म कुल लक्ष्यको ५७.७१ प्रतिशत राजस्व मात्रै सङ्कलन गरेको छ। सूचना अधिकारी कर्णले भन्सार विभागले दिएको राजस्व सङ्कलन लक्ष्य ६२ देखि ६५ प्रतिशत हाराहारी मात्र हुने बताए।

**सुक्खा बन्दरगाहको पनि राजस्व उत्साहप्रद छैन**

वीरगंज भन्सार कार्यालयको मात्रै होइन, चालू आवको ११ महीनाको अवधिमा सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजको पनि राजस्व सङ्कलन उत्साहप्रद छैन। कार्यालयले चालू आवको ११ महीनाको अवधिमा भन्सार विभागले दिएको कुल लक्ष्यको ६६.४४ प्रतिशत अर्थात् रु ४३ अर्ब आठ करोड ८६ लाख २३ हजार राजस्व सङ्कलन गरेको छ। जबकि भन्सार विभागले कार्यालयलाई रु ६५ अर्ब ९४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। कार्यालयका अनुसार यो वर्ष कुल राजस्व सङ्कलन गर्ने लक्ष्यको ७५ प्रतिशत हासिल हुने अपेक्षा गरिएको छ।

गत आवमा भन्सार विभागले कार्यालयको लागि रु ६७ अर्ब ४३ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। तर, कार्यालयले वर्षभरिमा कुल लक्ष्यको ६२.८८ प्रतिशत अर्थात् रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार राजस्व सङ्कलन गर्न सकेको थियो। सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालू आवमा समग्र वैदेशिक व्यापार घटेकाले पनि राजस्व सङ्कलन उत्साहप्रद नभएको बताए। "सवारीसाधन आयात भएर धेरै राजस्व सङ्कलन हुने गर्थ्यो। तर, यो वर्ष सवारीसाधनको

(बाँकी पाँचौं पातामा)

# आधारभूत स्वास्थ्य सेवा निश्शुल्क गर्ने सरकारको योजना

काठमाडौं, २० असार/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप यादवले आधारभूत स्वास्थ्य सेवालाई निश्शुल्क बनाउने तथा विशेषज्ञ स्वास्थ्य सेवालाई बीमामार्फत गर्ने योजना अघि बढाइएको बताएका छन् ।

राष्ट्रियसभाको बिहीवारको बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिंदै मन्त्री यादवले हरेक नागरिकको स्वास्थ्य उपचार सुनिश्चित गरी निरोगीता र मृत्युदर घटाउने गरी स्वास्थ्य मन्त्रालयको आगामी आर्थिक वर्षको बजेट केन्द्रित भएको बताए ।

"आधारभूत र विशेषज्ञ स्वास्थ्य सेवा बीमामार्फत गर्ने मन्त्रालयको रणनीति छ । यसका लागि पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन, न्यायोचित स्रोत र साधनको वितरण, विषम भौगोलिक अवस्थासँगै आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्न नसकिएको लगायतका चुनौती छन्," मन्त्री यादवले भने, "यी चुनौतीको समाधान र दिगो विकासको लक्ष्य प्राप्तिमा व्यवस्थापिका र कार्यपालिकाका तर्फबाट सहयोगको खाँचो छ ।"

आधारभूत स्वास्थ्य सेवा निश्शुल्करूपमा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्न सकिएमा विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्न लाग्ने व्यक्तिगत खर्च कम गर्न सकिने उनले बताए ।

६५५ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने सरकारको योजना रहेकामा ३९६ अस्पतालका लागि मात्र स्रोत सुनिश्चित भएको उल्लेख गर्दै मन्त्री



यादवले २५९ अस्पतालको स्रोत सुनिश्चित नभएकाले स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयसँग माग गरिएको बताए । हालसम्म ४१५ अस्पताल निर्माणाधीन अवस्थामा रहेका र ५० आधारभूत अस्पताल निर्माण भइसकेको उनले जानकारी दिए ।

निर्माणाधीन आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू र आधारभूत अस्पतालको निर्माण कार्य सम्पन्न गरी औजार उपकरण तथा जनशक्तिको व्यवस्था गर्न मन्त्रालयले प्राथमिकताका साथ काम गरिरहेको मन्त्री यादवले बताए । जनशक्ति व्यवस्थापन गर्न आधारभूत अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य अगाडि बढाइएको उनको भनाइ छ ।

स्थानीय तहका सबै आधारभूत अस्पताल र स्वास्थ्य संस्था सञ्चालन भएमा काठमाडौं उपत्यकाभित्रका अस्पतालमा हुने भीडभाड घट्ने अपेक्षा गरिएको मन्त्री यादवले बताए । दुर्गम हिमाली र पहाडी क्षेत्रमा आकस्मिक प्रसूति तथा शल्यक्रिया सेवा र महिलाको लागि आकस्मिक हेलिलिफ्ट सेवा उपलब्ध गराउन सरकारले पर्याप्त बजेट छुट्याएको उनले उल्लेख गरे ।

सिंहदरबार बैधखाना विकास समिति खारेज गरेर अर्को मोडलबाट काम गर्न प्रस्ताव गरिएको मन्त्री यादवले बताए । सरकारी स्वास्थ्य संस्थाको सेवाप्रवाह राम्रो बनाउन विभिन्न नीतिगत तथा संरचनागत सुधारका काम भइरहेका उनले बताए ।

"सरकारी अस्पतालको सङ्गठन संरचना धेरै पुरानो भएकाले बिरामीको बढ्दो चाप, नयाँ सेवा तथा विशेषज्ञता र नयाँ रोगभारको आधारमा सङ्गठन तथा संरचना समायोजन नभएकाले माग अनुसारको सेवा प्रदान गर्न सकिएको छैन," मन्त्री यादवले भने, "यसलाई समाधान गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ एवं सङ्गठन संरचना र दरबन्दी पुनरावलोकनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ प्रयोग गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्ययोजना छ ।"

यसले स्वास्थ्य जनशक्तिको सही सङ्ख्या, उचित सीप, सही स्थान, उचित समयजस्ता विषय निक्र्योल गर्न सहज हुने उनले बताए ।

स्वास्थ्य क्षेत्रको जनशक्ति विदेश पलायन भइरहेकामा चिन्ता व्यक्त गर्दै मन्त्री यादवले यसलाई रोक्न आवश्यक रहेको बताए । "स्वास्थ्य जनशक्ति विदेश पलायन हुने प्रवृत्ति बढ्दै गएको छ । यसलाई रोक्न देशलाई आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने योजना आवश्यक छ," उनले भने ।

नीतिगत र कानूनीरूपमा दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीको उपस्थिति सुनिश्चित गर्ने व्यवस्था गरिएको मन्त्री यादवको भनाइ छ । दुर्गममा काम गर्ने स्वास्थ्यकर्मीले अतिरिक्त भत्ता पाउने, बढुवाका लागि अतिरिक्त अङ्क पाउने, उच्च शिक्षा र तालीममा प्राथमिकता पाउने व्यवस्था गरिएको उनले बताए ।

त्यस्तै, छात्रवृत्तिमा पढेका चिकित्सकलाई काठमाडौंभित्र पदस्थापन नगर्ने नीति कार्यान्वयनमा रहेको मन्त्री यादवले जानकारी दिए ।



**दाउराको जोहो:** महोत्तरी जिल्लाको औरही नगरपालिका-२ बस्ने मुसहर समुदायका महिला तथा बालबालिकाहरू चुरे क्षेत्रबाट दाउरा सङ्कलन गरी ट्याक्टरमा राखेर घर फर्कंदै । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# चार प्रदेशमा भारी वर्षाको सम्भावना

काठमाडौं, २० असार/रासस

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले बिहीवार दिउँसो देशभर साधारणदेखि पूर्णतया बदली रहने बताएको छ ।

विभागका अनुसार आज अपराह्न कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको तथा राति देशभर साधारणतयादेखि पूर्णतया बदली रहने जनाएको छ । कोशी र गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

आगामी २४ घण्टामा कोशी, बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाउँदै विभागले ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढीपहिरोको जोखिम वा क्षतिबाट बच्न आग्रह गरेको छ । भारी वर्षाबाट ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकोले सतर्क रहन पनि विभागले अनुरोध गरेको छ ।

# नेपाल वायुसेवा निगमको सुधार प्रयास जारी

काठमाडौं, २० असार/रासस

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को व्यवस्थापकीय, संस्थागत र कानूनी सुधारका लागि पहल भइरहेको बताएका छन् ।

राष्ट्रियसभाको बिहीवारको बैठकमा विनियोजन विधेयक २०८१ माथि उठेका प्रश्नहरूको जवाफ दिंदै उनले निगमको सञ्चालन र व्यवस्थापनमा सुधार गर्न गठित समितिको प्रतिवेदन अनुसार उपयुक्त ढाँचामा सञ्चालनका लागि विभिन्न विकल्पबारे छलफल भइरहेको जानकारी दिए । मन्त्री तामाङले निगमको व्यवस्थापन सुधारका लागि मन्त्रालयले पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा गठन गरेको समितिको प्रतिवेदनअनुरूप काम गर्न लागिरहेको बताए ।

पर्यटनमन्त्री तामाङले क्षेत्रीय सन्तुलनलाई ध्यानमा दिएर मन्त्रालयले कार्यक्रमको माग, औचित्य र आवश्यकताका आधारमा बजेट तर्जुमा गरिएको बताए । उनले संवैधानिक व्यवस्थाअनुरूप समावेशीरूपमा सबै भाषा र संस्कृतिको विकास गर्नु आवश्यक रहेको बताए । संस्कृत भाषाको संरक्षण र प्रवर्द्धन गर्ने विषयमा मन्त्रालयले आवश्यक नीतिगत व्यवस्था गरेको भन्दै मन्त्री तामाङले नेपालका सबै भाषा, संस्कृति





र कलाको संरक्षण र प्रवचनतर्फ मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गरे ।

उनले पशुपतिनाथ मन्दिरको भेटी व्यवस्थापनका लागि निर्देशिका जारी गरिएको तथा पशुपतिनाथको मूर्ति सार्वजनिक गर्न मिल्ने नमिल्ने विषयमा मन्दिरको परम्परालाई समेत आधार मानेर आवश्यक निर्णय गरिने बताए ।

धार्मिक पर्यटनको हिसाबले अत्यन्त महत्त्वपूर्ण लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ र रामजानकी मन्दिरको संरक्षण र प्रवर्द्धनका लागि मन्त्रालयले बजेट व्यवस्थापन गरेको तथा रामजानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्नेलगायतका कार्यक्रम यस वर्षको बजेटबाट अघि सारिएको उल्लेख गरे ।

**भारत र चीनमा पर्यटन प्रवर्द्धन**

पर्यटनमन्त्री तामाङले भारत र चीनका पर्यटकलाई लक्षित गरी नेपाल पर्यटन बोर्डबाट 'रोड शो'लगायतका प्रचारप्रसारका कार्यक्रम सञ्चालनमा ल्याइने बताए । उनले पर्यटन रणनीतिक योजना (सन् २०१६-२५) र नेपाल भ्रमण दशकअनुरूप १६ लाख पर्यटन भित्र्याउने लक्ष्यलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिए । लुम्बिनी विकास कोषलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा विकास गर्ने व्यवस्था मिलाइएको उनले बताए ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा बुद्ध सर्किट मात्र नभई किराँत, शिव र रामायण सर्किटको विषयमा समेत समावेश गरिएको उनको भनाइ थियो । अध्ययन प्रतिवेदनका आधारमा आगामी दिनमा पर्याप्त बजेट विनियोजन गर्न मन्त्रालय प्रतिबद्ध रहेको उनले बताए ।

कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न युनेस्कोमा पेश भइसकेको, यस क्षेत्रको अन्य सम्पदाको उत्खनन, विकास र उन्नयनमा पुरातत्त्व विभागमार्फत विभिन्न कामहरू भइरहेको उनले जानकारी दिए ।

मन्त्री तामाङले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि मन्त्रालयले यसको सञ्चालनसम्बन्धी अध्ययन समिति गठन गरिएको र उक्त समितिको अध्ययन प्रतिवेदनको आधारमा ठोस कार्ययोजना बनाइ सञ्चालनको उचित प्रबन्ध मिलाइने बताए ।

मन्त्री तामाङका अनुसार हिमाल आरोहणलाई व्यवस्थित र नियमन गर्नेसम्बन्धी नयाँ नियमावली तर्जुमाका लागि मन्त्रिपरिषद्मा पेश गरिएको छ । नेपालको हवाई सेवालाई सुरक्षित, भरपर्दो, विश्वसनीय, सुलभ र पहुँचयोग्य बनाउने हवाई नीति, २०६३ को

(बाँकी अन्तिम पातामा)

# सुनको भाउमा रु १६०० को वृद्धि

काठमाडौं, २० असार/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्य तोलामा रु १,६०० ले वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन बुधवार प्रतितोला रु १,४२,७०० मा कारोबार भएकोमा बिहीवारका लागि भने रु १,४४,३०० निर्धारण भएको छ ।

यसैगरी, तेजाबी सुन बुधवार प्रतितोला रु १४२ हजारमा कारोबार भएकामा आजको लागि रु १,४३,६०० तोकिएको छ । चाँदीको मूल्य तोलामा रु ४० ले बढेको छ । बुधवार प्रतितोला रु १,८२५ मा कारोबार भएको चाँदीको मोल आजका लागि रु १,८६५ निर्धारण भएको छ ।



**भैंसीको व्यापारः** दाङको घोराही उपमहानगरपालिका-१८ स्थित नवलपुरको कटुवा खोला किनारमा बिहीवार भैंसी किनबेच हुँदै । नवलपुरमा हरेक वर्ष असार र साउन महीनामा दाङको देउखुरीबाट बिक्रीका लागि भैंसी लिएर किसान आउने गर्छन् । तस्बिरः कुलदीप न्यौपाने/रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्तकुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. प्रियंका चौधरी, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतमा आमनिर्वाचनका लागि मतदान शुरू

लन्डन, २० असार/एएनआई

संयुक्त अधिराज्यको ऐतिहासिक आकस्मिक आमनिर्वाचनका लागि बिहीवार मतदान शुरू भएको छ। मतदान स्थानीय समय बिहान ७ बजे शुरू भई राति १० बजे बन्द हुनेछ।

सबै प्रमुख दलको छ हप्ताको अभियानपछि आज मतदान समाप्त भएसँगै देशले अर्को प्रधानमन्त्री प्राप्त गर्नेछ।



अन्तिम चुनावी प्रदर्शनमा बेलायतका प्रम ऋषि सुनकका साथ पत्नी अक्षत मूर्ति र आमाबुबा। तस्वीरः एपी

इङ्ल्यान्ड, वेल्स, स्कटल्यान्ड र उत्तरी आयरल्यान्डका कुल ६५० निर्वाचन क्षेत्रमा मतदान गरिनेछ। कुल ६५० संसदीय सिटमध्ये ३२६ सिट प्राप्त गर्ने कुनै पनि पार्टीका नेता देशको प्रधानमन्त्री बन्नेछ।

बेलायतको सार्वजनिक सेवाको स्थिति, जीवनयापनको लागत, कर, आप्रवासन र अर्थतन्त्र निर्वाचनको प्रमुख विषय रहेको सिएनएनले जनाएको छ।

यो निर्वाचनमा अर्थव्यवस्था, कर र आप्रवासनजस्ता मुद्दाले वर्तमान प्रधानमन्त्री ऋषि सुनकलगायत दाबेदारहरूका लागि कसरी लहर बदल्छ भन्ने कुरा महत्त्वपूर्ण हुनेछ।

बेलायतको युरोपेली सङ्घसँगको सम्बन्धका विषय भने निर्वाचनमा धेरै हदसम्म बेवास्ता गरिएको छ।

यस वर्षको मे महीनाको अन्त्यमा प्रधानमन्त्री सुनकले आकस्मिक चुनाव आह्वान गरेका हुन्। उनको पार्टीमा केही नेतासमेतले यो निर्णयप्रति आश्चर्य जनाएका थिए। रासस

## साङघाई गठबन्धन 'निष्पक्ष बहुध्रुवीय विश्व व्यवस्थाको एक प्रमुख स्तम्भ'

कजाखस्तान, २० असार/एएफपी

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच बुधवार द्विपक्षीय भेटवार्ता भएको छ। उनले बुधवार नै टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानसँग पनि भेटवार्ता गरेका छन्।

रूसी नेता पुटिनले चिनियाँ राष्ट्रपतिसीसँग भएको छलफलमा साङघाई गठबन्धनले 'निष्पक्ष बहुध्रुवीय विश्व व्यवस्थाको एउटा प्रमुख स्तम्भ'का रूपमा आफ्नो भूमिका मजबूत बनाइरहेको बताए।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र चिनियाँ समकक्षी सी जिनपिङ बिहीवार मध्य एशियामा हुने क्षेत्रीय शिखर सम्मेलनमा सहभागी हुनेछन्।

साङघाई कोअपरेशन अर्गनाइजेशन (एससिओ) गठबन्धनको आयोजनामा हुने क्षेत्रीय सम्मेलनमा नेताद्वय पुटिन र सीबीच नियमित भेट हुने गरेको छ र यसको पछिल्लो सत्र कजाकिस्तानको राजधानी अस्तानामा भइरहेको छ।

सम्मेलनमा टर्कीका राष्ट्रपति एर्दोगान पनि सहभागी हुनेछन्। उनको देश समूहसँग 'वार्ता साझेदार' हो भने अन्य मुलुकमा मध्य एशियाली पूर्व सोभियत राज्यहरू भारत, चीन, रूस र इरान पूर्ण सदस्य रहेका छन्।

चीन, भारत, इरान, रूस, कजाखस्तान, किर्गिस्तान, उज्बेकिस्तान, पाकिस्तान र ताजिकिस्तान यसका नौ पूर्ण सदस्य राष्ट्र हुन्। पश्चिमा प्रतिबन्धित इरान पूर्ण सदस्यका रूपमा सामेल भएको एक वर्षपछि युक्रेनमा रूसको युद्धलाई समर्थन गरेको कारण बहिष्कृत भएको बेलारूस बिहीवार १०औं पूर्ण सदस्य बन्नेछ।

रूस र चीन दुवैले विश्व मञ्चमा अमेरिकी नेतृत्वको 'आधिपत्य' को विरोध गर्दै आएका छन्।

मस्कोलाई समर्थन गरेको भन्दै पश्चिमा मुलुकबाट आलोचना खेपिरहेका सीले बुधवार पुटिनलाई आफ्नो 'पुरानो मित्र'लाई फेरि भेट्न पाउँदा खुशी लागेको बताएका थिए।

टर्कीका राष्ट्रपति एर्दोगानले बुधवार पुटिनलाई टर्कीमा निमन्त्रण गर्दै युक्रेनमा 'दुवै पक्षलाई सन्तुष्ट पार्न सक्ने निष्पक्ष शान्ति' का लागि आह्वान गरेका थिए। उनले युद्धरत देशहरूबीच मध्यस्थता गर्ने प्रयास गरेका छन्।

सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी भने सहभागी भएका छैनन्।

एससीओको स्थापना सन् २००१ मा भएको थियो तर पछिल्ला वर्षहरूमा यो निकै चर्चामा आएको छ। सङ्गठनले सुरक्षा र अर्थतन्त्रमा ध्यान केन्द्रित गर्दै अमेरिका नेतृत्वको पश्चिमी गठबन्धनसँग प्रतिस्पर्धामा सहयोगको लागि एक प्लेटफर्म बनाउन अभिप्रेरित गरेको छ।

बेलारूसका राष्ट्रपति अलेक्जेन्डर लुकाशेन्कोले कजाखस्तानका सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्तामा गठबन्धनले 'वैकल्पिक अन्तर्राष्ट्रिय मञ्च, शक्तिका विभिन्न केन्द्र छन् भन्ने कुरा विश्वसामु प्रदर्शन गरेको' भन्दै सङ्गठनको प्रशंसा गरेका छन्।

यो गठबन्धनले विश्वको ४० प्रतिशत जनसङ्ख्या र कुल गार्हस्थ्य उत्पादनको करीब ३० प्रतिशत प्रतिनिधित्व गर्ने दाबी गरेको छ तर यो पनि विवादरहित समूह भने बन्न सकेको छैन। यसका कतिपय सदस्यबीच भूगोल र राजनीतिक दृष्टिकोणले गर्दा मनमुटाव रहेको देखिन्छ।

रूस र चीन पश्चिमी प्रभुत्वविरुद्ध एकजुट भएपनि मध्य एशियामा उनीहरू आर्थिक प्रतिस्पर्धी हुन्। यो क्षेत्र तेल र ग्याँसमा धनी छ र एशिया र युरोपबीच महत्त्वपूर्ण यातायात मार्ग पनि हो। चीन र भारत पनि साझा सीमा भएका दुई छिमेकी राष्ट्र हुनुको अलावा आर्थिक विकासको हिसाबबाट विश्वका प्रमुख प्रतिस्पर्धी अर्थतन्त्र हुन्। यी दुई मुलुकबीच बेला बेला सीमा क्षेत्रको विषयमा उतारचढाव देखिने गर्छ। रासस

## इराकी लडाकू समूहले लेबनानलाई सघाउने

बग्दाद, २० असार/एएफपी

गाजा युद्ध लेबनानमा फैलिने खतरा बढ्दै जाँदा इराकी लडाकू समूहले इजरायल र संयुक्त राज्य अमेरिकाविरुद्ध लडाइँ गर्न तयार रहेको जनाएको छ।

इराकमा तथाकथित इस्लामिक प्रतिरोधका एक फिल्ड कमान्डरले लेबनानमा युद्धको स्थितिमा वृद्धि हुने बताए। एएफपीसँग कुरा गर्दै ती कमान्डरले इरान समर्थित समूहले लेबनानमा विशेषज्ञ र सल्लाहकार पठाएको बताए।

इराकी राजनीतिक वैज्ञानिक अली अल-बैदारले यदि इजरायल र लेबनानको हिजबुल्लाह लडाकू समूहबीच ठूलो युद्ध भयो भने द्वन्द्व लेबनानको क्षेत्रमा मात्र सीमित नहुने चेतावनी दिएका छन्।

"इराक र यसका सशस्त्र समूहहरू द्वन्द्वमा प्रवेश गर्नेछन्। उनीहरू आफ्ना सहयोगीहरूप्रति क्षमता मात्र नभई वफादारी पनि देखाउन चाहन्छन्"-उनले बताए।

प्यालेस्टिनसँग एकता व्यक्त गर्ने र गाजामा इजरायली आक्रमणको अन्त्यको माग गर्दै धेरै इरान समर्थक सशस्त्र समूहलाई संलग्न गराउन द्वन्द्व चाँडै फराकिलो भयो।

गठबन्धनमा लेबनानको हेजबुल्लाह र यमनको हुथी विद्रोही समावेश छन्।

हालैका हप्तामा इराकमा इस्लामिक प्रतिरोधले हुथीहरूसँग भएको सहकार्यमा इजरायलविरुद्ध ड्रोन हमलाको जिम्मेवारी लिएको छ।

इजरायली सेनाले आक्रमणकारीको नाम उल्लेख नगरी अप्रिलदेखि पूर्वबाट थुप्रै हवाई आक्रमणहरू भएका बताउँदै, तर ती सबैलाई यसको हवाई क्षेत्रमा प्रवेश गर्नु अघि रोकिएको पुष्टि गरेको छ। रासस





**भैंसे गोहोरोः** चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने भरतपुर-माडी सडकमा देखिएको भैंसे गोहोरो। भैंसे गोहोरो ढाडमा हाड हुने वर्गमा पर्छ। तस्बिरः सनद अधिकारी/रासस

## नेप्से परिसूचक दोहोरो अङ्कले बढ्दा साढे छ अर्बको कारोबार

काठमाडौं, २० असार/रासस

यो साता कारोबारको अन्तिम दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले बढ्दा कारोबार रकम पनि उच्च देखिएको छ। बिहीवार नेप्से परिसूचक १५ दशमलव ४६ अङ्कले बढेर दुई हजार ११९ दशमलव ६९ अङ्कमा कायम भएको हो।

आज ३१३ कम्पनीका दुई करोड २१ लाख ६७ हजार ६७९ कित्ता शेयर ८४ हजार १२६ पटक खरीद-बिक्री हुँदा रु छ अर्ब ४८ करोड २५ लाख ४६ हजार ९८० बराबरको कारोबार भएको छ।

आज वित्त समूह शून्य दशमलव ५९ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १५ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक तीन दशमलव ४३ प्रतिशतले बढेको छ।

बैंकिङ शून्य दशमलव ४८, होटल तथा पर्यटन एक दशमलव ७५, जलविद्युत् शून्य दशमलव २२, लगानी एक दशमलव ८९ र जीवन बीमा एक दशमलव ९७ प्रतिशतले बढेका छन्। त्यसैगरी, लघुवित्त शून्य दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव २४, निर्जीवन बीमा शून्य दशमलव ५८, व्यापार शून्य दशमलव ४८ र व्यापार समूह शून्य दशमलव १५ प्रतिशतले बढेका छन्।

आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्य चार दशमलव ७५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३० करोड नौ लाख चार हजार ६९४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनआइसी एशिया ब्यालेन्स फन्डको ३५ लाख एक हजार दुई सय कित्ता शेयर किनबेच भएका छन्।

## इयूको सहयोगमा क्रिएसनलाई एक करोड २० लाख अनुदान

काठमाडौं, २० असार/रासस

युरोपियन युनियन (इयू)को सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रीनसिफ्ट परियोजना अन्तर्गत प्लास्टिकजन्य फोहरमैला उद्यम व्यवस्थापनका लागि रु एक करोड २० लाख बराबरको अनुदान रकम दिइने भएको छ।

युरोपिएन युनियन (इयू)को सहयोगमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रीनसिफ्ट परियोजना अन्तर्गत तीन प्रदेशका छ निजीस्तरमा प्लास्टिकजन्य फोहरमैला उद्यमलाई सो अनुदान प्रदान गरिने परियोजनाका प्रमुख युनिस घिमिरले जानकारी दिए।

बाग्मती प्रदेशबाट तीन, मधेस प्रदेशबाट दुई र लुम्बिनी प्रदेशबाट एक गरी जम्मा छ प्लास्टिकजन्य फोहरमैला उद्यम सञ्चालन गरिरहेका निजी संस्थालाई मूल्याङ्कनका आधारमा उक्त अनुदान प्रदान गरिने उनले बताए। छनोट भएका उद्यम प्रतिउद्योग रु २० लाखका दरले अनुदान रकम प्रदान गरिनेछ।

"प्लास्टिकजन्य फोहरमैला सङ्कलन तथा व्यवस्थापन क्षेत्रमा काम गरिरहेका संस्थालाई सशक्त बनाउने उद्देश्यले यो अनुदान प्रदान गर्न लागिएको हो। प्राप्त अनुदान रकमबाट संस्थाले आफ्नो क्षमता अभिवृद्धिसँगै भौतिक पूर्वाधार तथा मिशिनरी उपकरण खरीद गर्न सक्नेछन्," उनले भने।

क्रिएसन नेपालका संस्थापक अध्यक्ष आनन्द मिश्रले यस अनुदानले प्लास्टिकजन्य फोहरमैला क्षेत्रमा काम गर्ने निजी उद्यमीहरूलाई संस्थागत र प्राविधिक क्षमता अभिवृद्धि गर्न ठूलो सहयोग हुने विश्वास व्यक्त गरे। नवप्रवर्तनका लागि सम्भवतः निजीस्तरमा पहिलोपटक यतिधेरै राशिको अनुदान रकम प्रदान गर्न लागिएको उनले बताए।

निजी संस्थाहरूले अनुदानका लागि परियोजनाद्वारा जारी गरिएको अनुदान निर्देशिकाको पूर्णपालना गरी प्राप्त ढाँचाको आधारमा आआफ्नो संस्थाको विवरण अनुदान प्राप्त गरेको खण्डमा सञ्चालन गरिने विभिन्न क्रियाकलापको विस्तृत जानकारी निवेदन फाराम भर्नुपर्ने उनले बताए।

अनुदान निर्देशिका अनुसार प्रारम्भमा प्राप्त भएका निवेदन फारामलाई मूल्याङ्कन गरी पहिलो चरणमा १० उत्कृष्ट फारामलाई छनोट गरी उनीहरूलाई अभिमुखीकरण तथा क्षमता अभिवृद्धिसम्बन्धी तालीम प्रदान गरिनेछ। त्यसपछि छनोट भएका १० उत्कृष्ट उद्यमीहरूले पूर्ण प्रस्तावना पेश गर्नुपर्ने हुन्छ, उक्त प्रस्तावनालाई मूल्याङ्कन टीमले गहिरो अध्ययनपश्चात् त्यसमध्ये छवटा टीमलाई अनुदानका लागि अन्तिम छनोट गर्नेछ।

अनुदानका लागि अन्तिम छनोटमा परेका संस्थाले किस्ताबन्दीमा उक्त अनुदान रकम प्राप्त गर्नेछ। अनुदान प्राप्त गर्ने उद्यमीले परियोजना कार्यान्वयन

(बाँकी अन्तिम पातामा)

## पोखरीमा डुबेर तीनजना बालिकाको मृत्यु

गोदार (धनुषा), २० असार/रासस

धनुषामा पोखरीमा डुबेर बिहीवार तीनजना बालिकाको मृत्यु भएको छ। धनौजी गाउँपालिका-५ बहुअर्वामा सार्वजनिक पोखरीमा डुबेर उनीहरूको मृत्यु भएको हो।

दिउँसो पोखरीमा नुहाउने क्रममा करीब १०-१२ वर्ष उमेर समूहका तीनजना बालिकाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए। मृत्यु हुनेमा बहुअर्वाका मुस्कान खातुन, जिनत खातुन र अजमेरी खातुन रहेका छन्।

बालिकाहरू पोखरीमा डुबेको देखेपछि स्थानीयले बचाउने प्रयास गरेका थिए। तीनैजनाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ।

### घट्दैछ ...

आयात खासै बढ्न सकेको छैन"-उनले भने।

"भारतबाट सोझै सुक्खा बन्दरगाह कार्यालयमा कार्गो रेलबाट सामान आउने भएकोले यहाँ चोरी तस्करी हुने सम्भावना न्यून छ। बरुवालले भने-"यो वर्ष कार्गो रेलबाट सामान ल्याउने क्रम पनि घट्दो क्रममा रहेको छ। पहिले दैनिक तीनवटा कार्गो रेलबाट सामान भित्रिने गर्थ्यो तर अहिले एउटा वा दुईवटा कार्गो रेलले मात्रै सामान ल्याउने गरेको छ।"

केन्द्रीय सदस्य गुप्ता अहिले अर्थतन्त्रमा देखिएको शिथिलता अन्त्य गर्न राज्यले औद्योगिक क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने नीति अघि सार्नुपर्ने बताउँछन्। "अहिले मुलुकको अर्थतन्त्रमा गम्भीर सङ्कट देखिइरहेको छ। सङ्कटमोचन गर्ने खालको मौद्रिक नीति ल्याएर यसको हल गर्न जरुरी भइसकेको छ"-उनले भने-"सरकारले मुलुकभित्र औद्योगिक गतिविधि बढाउनुपर्छ। मुलुकभित्रै उत्पादित वस्तु तथा सामान विदेश निर्यात हुनुपर्छ भन्दै आइरहिएको छ तर त्यस्तो लगानीमैत्री वातावरण बनाउन भने सरकार चुकेको देखिन्छ।"

मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको कारण औद्योगिक कच्चा पदार्थ र खाद्यान्नलगायत आयातमा गिरावट आएसँगै राजस्व सङ्कलन पनि प्रत्यक्ष प्रभावित हुँदै आएको उनको भनाइ छ। "मुलुकको अर्थतन्त्र निकै जर्जर अवस्थाबाट गुज्रिराखेको छ। अहिले विद्युत्भार कटौतीको कारण उद्योगधन्दा १२-१६ घण्टा बन्द हुने अवस्था छ। औद्योगिक कच्चा पदार्थको आयात घटेसँगै राजस्व सङ्कलनमा पनि असर देखापरेको हो"-उनले भने-"अहिले अर्थतन्त्रमा देखिएको समस्या तत्कालै सम्बोधन नगर्ने हो भने आगामी वर्षमा राजस्व झनै घट्ने देखिन्छ।" पछिल्लो देशको कुल जनसङ्ख्यामध्ये एक करोड २० लाखभन्दा बढी नागरिक विदेशी मुलुकमा अध्ययन वा रोजगारको कारण पलायन भएकोले पनि मुलुकभित्र खपत गर्ने वातावरणमा कमी आएको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष: विजय | वृष: धनखति |
| मिथुन: भाग्योदय | कर्कट: बेचैनी |
| सिंह: मनोरञ्जन | कन्या: कर्मप्राप्ति |
| तुला: प्रगति | वृश्चिक: वादविवाद |
| धनु: यात्रालाभ | मकर: कडाश्रम |
| कुम्भ: कार्यनाश | मीन: उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# मधेस प्रदेशका मुख्यमन्त्री सिंहले असार २२ गते विश्वासको मत लिने



महेन्द्रनगर (धनुषा), २० असार/रासस

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतीशकुमार सिंहले यही असार २२ गते विश्वासको मत लिने भएका छन्।

सरकार गठन भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था अनुसार मुख्यमन्त्री सिंहले आगामी शनिवार प्रदेशसभामा विश्वासको मत लिन लागेका छन्। मधेस प्रदेशसभामा चौथो ठूलो दलका रूपमा रहेको जनमत पार्टीका सिंहको नेतृत्वमा गत जेठ २५ गते प्रदेश सरकार गठन भएको थियो।

कुल १०७ सदस्य रहेको मधेस प्रदेशसभामा नेपाल कम्युनिस्ट पार्टी (एमाले)का २५, नेपाली काङ्ग्रेसका २२, जनमत पार्टीका १३, जनता समाजवादी पार्टीका १९, लोसपाका नौ, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का नौ, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का सात प्रदेशसभा सदस्य छन्। साथै राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका एक/एक जना सदस्य छन्।

# सरकार र आन्दोलनरत क्रसर उद्योगीबीच सहमति

काठमाडौं, २० असार/रासस

सरकार र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घबीच सहमति भएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बिहीवार भएको छलफलपछि आन्दोलनरत पक्षसँग तीन बुँदे सहमति भएको हो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घका अध्यक्ष तथा प्रतिनिधिसमेतको बैठकले नवीकरण छुट भएका उद्योग नवीकरणका लागि आवश्यक व्यवस्था गर्ने निर्णय गरेको छ।

प्राकृतिक स्रोतको बाँडफाँट र उपयोगका साथै निर्माणजन्य सामग्रीको उपयोग र व्यवस्थापनमा देखिएका विद्यमान समस्या सम्बोधन गर्न मन्त्रालयले निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० संसद्मा दर्ता गरिसकेको छ। उक्त विधेयक दफावार छलफलका लागि संसद्को समितिमा रहेको छ।

"उक्त विधेयक पारित भएपश्चात् क्रसर उद्योगको नवीकरणसम्बन्धी विद्यमान समस्या सम्बोधन हुने र निर्माणमुखी सामग्री उत्खनन, व्यवस्थापन, उपयोग र नियमनमा समेत सहजता हुने भएकाले उक्त विधेयक चाँडो पारित गर्न गराउन आआफ्नोतर्फबाट भूमिका निर्वाह गर्ने," सहमतिपत्रमा उल्लेख छ।

विसं २०७९ माघ ११ गतेको मन्त्रिपरिषद्को निर्णय र सम्मानित सर्वोच्च अदालतको आदेशको उच्च सम्मान गर्दै मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने र नेपाल क्रसर तथा खानी उद्योग व्यवसायीले क्रसर तथा खानी उद्योगको नवीकरणको विषय लिई गरेको विरोध प्रदर्शन स्थगित गर्ने बैठकले निर्णय गरेको हो।

सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीको सहभागितामा प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा, प्रतिनिधिसभा उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित संरक्षण समितिका सभापति अब्दुल खानसहितको बैठकले संसद्मा दर्ता भएको निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० चाँडो पारित गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ।


## डढेलोबाट बचौं र बचाऔं।

**सानो असावधानीले डढेलोबाट जङ्गल मात्र होइन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्।**

**त्यसैले,**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जङ्गल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जङ्गलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords Plaza
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| शशश | | | | |

**नेपाल ...**

समसामयिक संशोधन अन्तिम चरण पुगेको छ। सातवटै प्रदेशका प्रमुख शहरमा हवाई सेवा विस्तारलाई ध्यान दिइनुका साथै गोरखा दरबारको परम्परा र संस्कृति संरक्षणको विषयमा मन्त्रालय प्रतिबद्धताका साथ लागेको उनको भनाइ छ।

**इयूको ...**

गर्दै जाँदा प्रगति विवरण खर्च विवरणको पारदर्शीरूपमा समयसमयमा नियमित रिर्पोटिङ गर्नुपर्नेछ।

क्रिएसन नेपालले ग्रीनसिफ्ट परियोजना चार वर्षका लागि तीन प्रदेशका नौ स्थानीय तहमा विभिन्न क्रियाकलाप सञ्चालन गरिरहेको छ। क्रिएसनको नेतृत्वमा रेस्टलेस डेभलप्मेन्ट र युथ इनोभेसन ल्याब परियोजनाको कन्सोर्टियम पार्टनरका रूपमा रहेका छन्।

# खेलकूदको संसार

## अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारी गर्न रु चार करोड ३४ लाख बजेट

काठमाडौं, २० असार/रासस

युवा तथा खेलकूदमन्त्री विराजभक्त श्रेष्ठले पेरिस ओलम्पिक, मिसन–२०२६ र छैटौं एशियन इन्डो मार्शल आर्ट–२०२४ लगायत अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिताको तयारी गर्न रु चार करोड ३४ लाख विनियोजन गरिएको बताएका छन्।

राष्ट्रियसभाको बिहीवारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा मन्त्री श्रेष्ठले बृहत् अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता तयारीका लागि राष्ट्रियस्तरमा १० खेलका करीब दुई सयभन्दा बढी खेलाडीलाई विशेष प्रशिक्षण दिइने बताए। उनले ती प्रशिक्षणको तयारी गर्न रु चार करोड ३४ लाख विनियोजन गरिएको जानकारी दिए।


मन्त्री श्रेष्ठले विभिन्न अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा सहभागिता जनाउन रु दुई करोड ९० लाख विनियोजन गरिएको उल्लेख गरे। बाघचाल, डन्डिबियो र घोडचढीलगायत मौलिक एवं परम्परागत खेलकूद प्रतियोगिताको विकासका लागि रु ११ लाख बजेट विनियोजन गरिएको उनले संसद्मार्फत जानकारी दिए।

मन्त्री श्रेष्ठले खेलकूदका माध्यमबाट पर्यटनको विकास र विस्तारका लागि विभिन्न ११ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न बजेट विनियोजन गरिएको भन्दै जुम्लाको पातारासीमा स्वदेशी तथा विदेशी खेलाडीलाई तालीममा आकर्षित गर्न तथा 'हाइअल्टिच्युड ट्रेनिङ सेन्टर' निर्माण गर्न रु चार करोड विनियोजन गरिएको उल्लेख गरे।

दोलखाको शैलुङमा तेक्वान्दो खेलको हाइअल्टिच्युड ट्रेनिङ कभर्डहल निर्माण गर्न रु दुई करोड विनियोजन गरिएको मन्त्री श्रेष्ठले बताए। उनले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पुरस्कार प्रदान गर्न रु चार करोड ३५ लाख बजेट विनियोजन गरिएको भन्दै आगामी वर्षदेखि पदक जितेर आउनेबित्तिकै खेलाडीको बैंक खातामा पुरस्कारबापतको रकम जाने व्यवस्था मिलाइएको जानकारी दिए।

मन्त्री श्रेष्ठले आगामी वर्ष खेलकूद पूर्वाधार गर्न मूलपानी क्रिकेट रङ्गशाला निर्माण, कीर्तिपुरको क्रिकेट मैदानमा 'फल्ड लाइट' जडान, खेलाडी 'फिटनेस' हल तथा सामग्री व्यवस्था, हाई अल्टिच्युट ट्रेनिङ सेन्टर र खेलकूद तालीम केन्द्र स्थापना कार्यलाई प्राथमिकतामा राखिएको बताए। उनका अनुसार मन्त्रालयले रङ्गशालाको स्तरोन्नतिका लागि रु एक करोड बजेट विनियोजन गरेको छ।

# ७३ जिल्लामा फैलियो डेङ्गु सङ्क्रमण




काठमाडौं, २० असार/रासस

डेङ्गु रोगको सङ्क्रमण ७३ जिल्लामा फैलिएको छ। दैनिक पानी परिरहेकाले डेङ्गुको सङ्क्रमण बढ्न थालेको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार ४३२ जनामा सङ्क्रमण देखिएको छ। उनले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण देखिएको जानकारी दिए।

मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आकलन गरेकोले मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र डेङ्गु रोगको सङ्क्रमण बढ्ने आकलन गरेको छ।

सबभन्दा बढी काठमाडौंमा १५९ जनामा डेङ्गु देखिएको छ। झापामा १२० र चितवनमा ८३ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। उनले पानी सङ्कलन गरेर राख्ने र पानीमा रहने त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको जोखिम बढेको जानकारी दिए।

पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ र फुलबाट लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्छ। रोग शाखाका प्रमुख डा दाहालले डेङ्गु सङ्क्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउन आग्रह गरेका छन्।

डेङ्गुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भएकाले घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकै बेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउने जस्ता कुरामा ध्यान दिन महाशाखाले जनाएको छ।

# औद्योगिक क्षेत्रमा बहुराष्ट्रिय कम्पनी स्थापना गर्न उद्यमी उत्साहित

मकवानपुर, २० असार/रासस

हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ बहुराष्ट्रिय कम्पनी स्थापना गर्न उद्यमीबीच प्रतिस्पर्धा चलेको छ। उनीहरू दैनिकजसो औद्योगिक क्षेत्र व्यवस्थापनसँग सम्पर्कमा आउन थालेका छन्।

सो औद्योगिक क्षेत्र परिसरभित्र अहिले विभिन्न १५ वटा निर्माणाधीन उद्योग छन्। तीमध्ये सात उद्योगले भवन निर्माण गरिरहेका छन्। निर्माणाधीन उद्योगले आगामी नौ महीनाभित्र उत्पादन शुरू गर्ने लक्ष्य लिएका छन्। हेटौंडा औद्योगिक क्षेत्रमा विभिन्न प्रकारका १२२ उद्योग सञ्चालनमा रहेका हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन समितिले जनाएको छ।

सो औद्योगिक क्षेत्रमा एक दशकदेखि विभिन्न प्रकारका छवटा उद्योग आर्थिक सङ्कट र कच्चा पदार्थको अभावमा बन्द भएका थिए। यहाँ सञ्चालित विभिन्न उद्योगबाट हालसम्म आठ हजार २७५ जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेको औद्योगिक क्षेत्रका सूचना अधिकारी मनीष मिश्रले जानकारी दिए।

हेटौंडा औद्योगिक क्षेत्रमा विभिन्न मझौला उद्योग, बहुराष्ट्रिय कम्पनी स्थापना गर्ने क्रममा औद्योगिक क्षेत्रको पूर्वतर्फ रहेको करीब एक हजार दुई रोपनी जग्गा जगेडामा राखिएको हेटौंडा औद्योगिक क्षेत्रका प्रबन्धक सङ्गीता कुँवरले बताइन्। उनका अनुसार औद्योगिक क्षेत्र परिसरभित्र २० वर्षअघिदेखि सरकारी स्वामित्वमा रहेको हेटौंडा दूध वितरण आयोजना, बाग्मती प्रदेश, खाद्य तथा गुण नियन्त्रण कार्यालय, प्रदेशको माटो परीक्षण कार्यालय, प्रदेशको बीउबिजन कार्यालय, इलाका प्रहरी कार्यालय, नेपाल बैंक लिमिटेड, सशस्त्र प्रहरी कार्यालय र बाग्मती प्रदेशका केही मन्त्रीहरूको आवासीय निवास सञ्चालनमा छन्।

उक्त औद्योगिक क्षेत्रमा हाल सञ्चालित केही उद्योगले उत्पादन गरेका विद्युतीय सामाग्रीलगायतले विदेशी मुद्रा आर्जन गरिरहेको मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णकुमार अग्रवालले जानकारी दिए। हेटौंडा उपमहानगरपालिका–१३, मयुरधापमा स्थापना गर्न खोजिएको मयुरधाप औद्योगिक क्षेत्रका संरचनालाई व्यावहारिकरूपमा प्रयोगमा ल्याउन नेपाल औद्योगिक विकास निगमबाट अनुगमन गरी तत्काल उद्योग स्थापना गर्ने प्रक्रियाको सहजीकरण भइरहेको औद्योगिक क्षेत्रका प्रबन्धक कुवँरले बताए। सरकारले विसं २०२० मङ्सिर २२ गते हेटौंडामा औद्योगिक क्षेत्र स्थापना गरेको थियो।

# काठमाडौं–तराई/मधेस द्रुतमार्ग अन्तर्गत लेनडाँडाको सुरुङमार्ग छिचोलियो

काठमाडौं, २० असार/रासस

काठमाडौं–तराई/मधेस द्रुतमार्ग आयोजना अन्तर्गत मकवानपुरको बकैया र गढी गाउँपालिकामा निर्माणाधीन लेनडाँडाका दुईमध्ये एउटा सुरुङमार्ग छिचोलिएको छ। कुल एक हजार ६१२ मिटर लम्बाइको निजगढबाट काठमाडौंतर्फ आउने सुरुङमार्ग बिहीवार छिचोलिएको हो।

नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन आयोजनाको सुरुङमार्ग छिचोल्ने कार्यको प्रधानसेनापति प्रभुराम शर्माले भर्चुअल माध्यमबाट अवलोकन गरे।

उनले तोकिएको समयमैं सुरुङमार्ग छिचोलिएकोमा खुशी व्यक्त गरे। साथै उनले नेपाल सरकारबाट नेपाली सेनालाई प्राप्त यस राष्ट्रिय गौरवको आयोजना निर्माणमा खटिएका सम्पूर्ण निकाय तथा व्यक्तिलाई धन्यवाद दिए।

उनले आयोजनामा कार्यरत व्यक्तिहरूको लगनशीलता, मेहनत र कार्य दक्षताको प्रशंसा गर्दै तोकिएकै समयमा आयोजना सम्पन्न गर्नसमेत निर्देशन दिए। उक्त कार्यक्रममा बलाधिकृत रथी अशोकराज सिग्देलगायत नेपाली सेनाका रथीवृन्दको सहभागिता थियो।